**१) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** वार्षिक साधारण सभाबाट परित सुविधा बाहेक केहि नभएको ।

**२) बुँदा (ख) (१) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :**सो नभएको ।

**ग.६. सीमित दायित्व सम्बन्धी विवरण :**

यस बैंक कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस बैंकका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(१)संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्ता कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनुपर्ने ।**

| क्र.स. | कर्मचारीको नाम | तह | योग्यता | नियुक्त मिति | कार्य अनुभव | शेयरसंख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री अनिल कुमार उपाध्याय | प्रमुख कार्यकारी अधिकृत | स्नातकोत्तर | २०७५/०९/११ | १. हाल प्रमुख कार्यकारी अधिकृत (सेवा शुरु २०७५/०९/११ बाट)<br>२. उपमहाप्रबन्धक : कृषि विकास बैक लि. (२०७३/०३/२६ देखि २०७३/०१ मसान्त सम्म )<br>३. का.मु. मुख्य निर्देशक : कृषि विकास बैक लि. (२०६७/१०/१२ देखि २०७१/०३/२५ सम्म )<br>४. विभागीय प्रमुख : कृषि विकास बैक लि. ( २०६४/१०/०२ देखि २०६७/१०/११ सम्म )<br>५. शाखा प्रमुख : कृषि विकास बैक लि. (२०५४/११/१६ देखि २०६४/१०/०१ सम्म )<br>६. लेखा अधिकृत : कृषि विकास बैक लि. (२०४३/०२/०१ देखि २०५४/११/१५ सम्म ) | ४,०५१ |
| २. | श्री प्रताप सुबेदी | का.मु.उप-महाप्रबन्धक | स्नातकोत्तर | २०५७/१०/१५ | १. हाल का.मु. उपमहाप्रबन्धक : कृषि विकास बैक लि. (सेवा शुरु २०७५/०२/०३ बाट) | २,५८८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | २. विभागीय प्रमुख : कृषि विकास बैक लि. (२०७३/१०/१६ देखि २०७५/०२/०३ सम्म ) ३. शाखा प्रमुख : कृषि विकास बैक लि. (२०६५/०७/३० देखि २०७३/१०/१५ सम्म ) ४. लेखा अधिकृत : कृषि विकास बैक लि. ( २०५७/१०/१८ देखि २०६५/०७/२९ सम्म ) | |
| ३. | श्री यज्ञ प्रकाश न्यौपाने | का.मु.उप-महाप्रबन्धक | स्नातकोत्तर | २०५६/०८/२२ | १. हाल का.मु. उपमहाप्रबन्धक : कृषि विकास बैक लि. (सेवा शुरु २०७६/०६/०१ बाट) २. विभागीय प्रमुख : कृषि विकास बैक लि. ( २०७४/१०/१३ देखि २०७६/०५/३१ सम्म) ३. शाखा प्रमुख : कृषि विकास बैक लि. (२०६५/०४/०२ देखि २०७४/१०/१२ सम्म) ४. अर्थशास्त्री, अधिकृत स्तर तृतिय श्रेणी : कृषि विकास बैक लि. (२०५६/०८/२२ देखि २०६५/०४/०१ सम्म) | १४३ |
| ४. | श्री ध्रुब चन्द्र गौतम | का.मु.उप-महाप्रबन्धक | स्नातक | २०५७/०८/१६ | १. हाल का.मु. उपमहाप्रबन्धक : कृषि विकास बैक लि. (सेवा शुरु २०७६/०६/०१ बाट) २. विभागीय प्रमुख : कृषि विकास बैक लि. ( २०७४/११/२३ देखि २०७६/०५/३१ सम्म ) ३. शाखा प्रमुख : कृषि विकास बैक लि. (२०६५/०७/३० देखि २०७४/११/२२ सम्म ) ४. शाखा अधिकृत : कृषि विकास बैक लि. ( २०५७/०८/१६ देखि २०६५/०७/२९ सम्म) | ३,४०५ |
| ५. | श्री दिर्घ ब. अर्याल | का.मु.उप-महाप्रबन्धक | स्नातकोत्तर | २०५७/०८/०७ | १. हाल का.मु. उपमहाप्रबन्धक : कृषि विकास बैक लि. (सेवा शुरु २०७६/०६/०१ बाट) २. विभागीय प्रमुख : कृषि विकास बैक लि. ( २०७५/०१/२९ देखि २०७६/०५/३१ सम्म ) ३. शाखा प्रमुख : कृषि विकास बैक लि. (२०६५/०७/३० देखि २०७५/०१/२८ सम्म ) ४. शाखा अधिकृत : कृषि विकास बैक लि. ( २०५७/०८/०७ देखि २०६५/०७/२९ सम्म ) | ६५९ |

**नोट : माथी उल्लेखित उच्च व्यवस्थापकिय तहका कर्मचारीहरु अन्य कुनै सुचिकृत संगठित संस्थाको वा अन्य कुनै संगठित संस्थाको आधारभुत शेयरधनी नरहेको जानकारी गराउन चाहन्छौ ।**

(२) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने :** १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको बाहेक अन्य परिवर्तन नभएको ।

(३) **कर्मचारी संख्या : २२९८ जना**
स्थायी : २,१०८ जना ।
करार : १९० जना ।

(ख) **<u>संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :</u>**

**(१) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

**यस सम्बन्धमा कम्पनीको नियमावलीमा देहाय बमोजिम व्यवस्था रहेको छः**

(१) संचालकले पाउने पारिश्रमिक, बठैक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ । तर प्रथम बार्षिक साधारण सभा नभएसम्मका लागि संचालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

* (क) संचालक समितिको बैठकमा उपस्थित भए बापत संचालकले पाउने प्रति बैठक भत्ता जनही रु.५,०००।- (अक्षेरुपी पांच हजार मात्र) हुनेछ ।

(ख) बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :

(१) काठमाडौं घर नभएका उपत्यका बाहिरका संचालकहरुलाई बाहिर जिल्लाबाट समिति वा उपसमितिको बैठकमा भाग लिन आउँदा १ दिनको बैठक भत्ताको अतिरिक्त आउन जान लाग्ने वाटो म्याद बाहेक ३ दिनको दैनिक भत्ता उपलव्ध गराइनेछ । ७ दिन भित्र पुनः बैठक वसेमा वा बढीमा ७ दिनको अन्तरालमा बैठक बस्दै गरेमा बैठक वसेको दिनको बठैक भत्ता र अन्तिम बैठक बसेको दिनको भोलिपल्टसम्मको दैनिक भत्ता उपलव्ध गराइने छ । तर आफ्नो कामको सिलसिलामा काठमाडौं आइरहेको समयमा बैठकमा भाग लिएकोमा बैठक भत्ता मात्र उपलव्ध गराइनेछ । समितिमा पेश भएको कुनै प्रस्ताव वा समिति वा व्यवस्थापनबाट कुनै विषयमा विशेष रुपले अध्ययन गराई निर्णयका लागि सिफारिस पेश गर्न गठित अन्य उपसमितिका सदस्यहरुले समितिले तोके बमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।

(२) बैंकको संचालक समितिको निर्णयानुसार मनोनयन भई विदेश भ्रमण गर्दा वा मुलुक भित्र भ्रमण गर्दा यस बैंकको महाप्रबन्धकले पाए सरहको दैनिक तथा भ्रमण भत्ता तथा अन्य खर्च, सुविधा उपलव्ध गराइने छ ।

* (ग) सेवा अवधिमा एक पटकका लागि (फिर्ता गर्न नपर्ने गरी) रु.२५,०००।- सम्मको मोबाइल फोन सेट वा स्वयंबाट खरीद गरी विल पेश गरेको खण्डमा सो वापत उक्त रकममा नबढाई विल अनुसार सोधभर्ना उपलव्ध गराइने छ ।

* (घ) टेलिफोन/मोबाइल फोन वापत प्रति महिना रु. ३०००।- एकमुष्ट उपलव्ध गराउने ।

* (ङ) पत्रपत्रिका वापत प्रतिमहिना रु. ३,०००।- एकमुष्ट उपलव्ध गराइने छ ।

(च) परिवहन भत्ताः बठैकमा भाग लिन बैंकको सवारी साधनको प्रयोग नगरी निजी गाडी प्रयोग गरेमा प्रति महिना वीस लिटर पेट्रोल/डिजेल उपलव्ध गराइने छ ।

(छ) संचालक समितिका अध्यक्षलाई बठैकमा भाग लिनको अतिरिक्त पदिय जिम्मेवारी अनुसारको कामको लागि सवारी साधन उपलव्ध गराइने छ ।

(२) संचालकले यस नियममा लेखिए देखि बाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन बमोजिम कसुर गरेको मानी त्यस्तो रकम निजबाट असूल उपर गरिनेछ ।

*कम्पनी रजिष्टार कार्यालयको मिति २०७६।०१।१५ को निर्णयानुसार

नियमावलीमा माथी उल्लेख भए बमोजिम रहेको भएपनि सो बमोजिम उपलब्ध गराउन नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेमा अर्थ मन्त्रालयमा स्वीकृतिका लागि मिति २०७६।०१।०९ मा अनुरोध गरिएकोले हाल अर्थमन्त्रालयमा स्वीकृत हुने प्रक्रियामा रहकोले साविकको व्यवस्था अनुसार देहाय बमोजिम उपलब्ध गराउने गरेको ।

बैठक भत्ता रु. ४,०००/- प्रति बैठक
दैनिक तथा भ्रमण भत्ता रु. २,१००/- प्रति दिन
टेलिफोन तथा पत्र पत्रिका खर्च बापत रु. ४,५००/- मासिक
मोवाईल सेट रु. १५,०००/- सम्मको सेवा अवधिमा एक पटक मात्र

(२) **संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | एक आर्थिक वर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (आ.ब.०७५/०७६) अपरिष्कुत वित्तीय विवरण अनुसार |
|---|---|---|---|
| १. | श्री लिला प्रकाश सिटौला | प्रमुख कार्यकारी अधिकृत | रु.१९,३६,६९०/- |

| | | | |
|---|---|---|---|
| २. | श्री अनिल कुमार उपाध्याय | प्रमुख कार्यकारी अधिकृत | रु.१३,४४,८१३/- |
| ३. | श्री प्रताप सुबेदी | का.मु.उप-महाप्रबन्धक | रु.१७,०९,९६५/- |
| ४. | श्री यज्ञ प्रकाश न्यौपाने | का.मु.उप-महाप्रबन्धक | रु.१३,७१,१५०/- |

नोटः श्री लिला प्रकाश सिटौला मिति २०७५/०८/२७ मा सेवा निवृत्त भई मिति २०७५/०९/११ मा श्री अनिल कुमार उपाध्यायको नियुक्ती भएको ।

(३) **कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** नभएको ।

**ग.८.अन्तरनिहित जोखीम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :**

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**

**(क)वित्तीय साधनको अभावबाट हुने जोखिमः**

१. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

२. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :** लागू नहुने ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

१. नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम :** लागू नहुने ।

**(ङ) विदेशी विनिमयको जोखिमः** देशको बैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

**(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :** लागू नहुने ।

**(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिमः**

१.नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।

२.देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

**(झ) संचालन इतिहासको अभाव :** यस बैंकको संचालन इतिहास करिव ५२ बर्षको रहेको छ ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम** : नयाँ प्रविधिको विकास संगै बैंकले प्रयोग गर्ने इन्टरनेटमा आधारित बैंकिङ्ग/वित्तिय लगायतका प्रविधिमा हुने खराबीले पर्न सक्ने संचालन तथा साख सम्बन्धि जोखिम ।

**(ट) अन्य :**

१. बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

२. पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको व्यवस्था गरेको छ । बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेकोछ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको छ ।

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**

रु.१०००/– प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले ऋणपत्र मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९.वित्तीय विवरण :**

**(क) वित्तीय विवरण र तत्सम्बन्धमा ब्यबस्थापनको धारणा र विश्लेषण :**

**(१) संगठित संस्थाको लेखापरिक्षण भएको पछिल्लो आर्थिक बर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाव बाँडफाँट, नगद प्रवाह विवरणः** आ.ब.२०७५/०७६ को लेखापरिक्षण गरीएको वित्तिय विवरणहरु देहाय बमोजिम रहेको छ ।

**वासलात (आषाढ ३१, २०७६)**

| सम्पत्ति | रकम (रु.हजारमा) |
|---|---|

| | |
|---|---|
| नगद तथा नगद समान | ११,५००,४६० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | ४,९९३,६६० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी | २,८५८,७०० |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | ११८,५५२ |
| अन्य व्यापारीक सम्पत्तिहरु | - |
| बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी | १,२८५,२६९ |
| ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | १०८,८०६,६९७ |
| धितोपत्रमा गरेको लगानी | १६,८४६,६०९ |
| चालू कर सम्पत्ति | २०६,४२३ |
| सहायक कम्पनीमा लगानी | २८,८४० |
| सम्बद्ध कम्पनीमा लगानी | ६९,३८४ |
| सम्पत्तिमा लगानी | २५८,४२३ |
| सम्पत्ति र उपकरण | १,२६४,१९२ |
| गुडवील (ख्याती) र अमुर्त सम्पत्ति | ६९,३९९ |
| स्थगन कर सम्पत्ति | |
| अन्य सम्पत्ति | ३,१५१,१२२ |
| **कुल सम्पत्ति** | १५१,४५७,७३१ |
| **दायित्व र पूँजी** | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी | ४७८,३७० |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | ३८,४२४ |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | - |
| ग्राहकको निक्षेप दायित्व | ११८,८८४,९२३ |
| सापटी | ६०,९१८ |
| चालू कर दायित्व | - |
| व्यवस्था रकमहरु | - |
| स्थगन कर दायित्व | ११३,५३६ |
| अन्य दायित्वहरु | ३,५२८,८२७ |
| जारी गरिएको ऋणपत्र | - |
| असुरक्षित सहायक आवधीक दायित्व | - |
| **कूल दायित्व** | १२३,१०४,९९८ |
| **पूँजी** | - |
| शेयर पूँजी | १४,४४८,२४१ |
| शेयर प्रिमियम | - |
| सञ्चित मुनाफा | ३,४२२,०३८ |
| जगेडा | १०,४८२,४५४ |
| **शेयरधनीहरुसंग सम्बन्धीत कुल इक्विटी** | २८,३५२,७३३ |
| **जम्मा पूँजी** | २८,३५२,७३३ |
| **जम्मा दायित्व र पूँजी** | १५१,४५७,७३१ |
| संभावित दायित्व तथा प्रतिबद्धता | ५५,७७७,४२५ |
| प्रति शेयर खुद सम्पत्ति | २५०.६१ |

## नाफा नोक्सान हिसाव

## ०१ श्रावण २०७५ देखि ३१ आषाढ २०७६ सम्म

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| ब्याज आम्दानी | १५,४८०,१२२ |
| ब्याज खर्च | ७,८६५,१३० |
| **खूद ब्याज आम्दानी** | **७,६१४,९९२** |
| शुल्क तथा कमिशन आम्दानी | १,०८१,४८१ |
| शुल्क तथा कमिशन खर्च | ११,०१२ |
| **खूद शुल्क र कमिशन आम्दानी** | १,०७०,४६९ |
| **खूद ब्याज, शुल्क र कमिशन आम्दानी** | ८,६८५,४६० |

| | |
|---|---|
| खूद व्यापारिक आम्दानी | ३१८,८७३ |
| अन्य सञ्चालन आम्दानी | १८,८९८ |
| **जम्मा सञ्चालन आम्दानी** | **९,०२३,२३२** |
| कर्जामा सम्भावित क्षती व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानीहरु | (२८९,८४७) |
| **खूद सञ्चालन आम्दानी** | **९,३१३,०७८** |
| **सञ्चालन खर्च** | - |
| कर्मचारी खर्च | २,९२८,८६२ |
| अन्य सञ्चालन खर्च | ८७६,३०६ |
| ह्रासकट्टी र परिशोधन | १६६,१९३ |
| **सञ्चालन मुनाफा** | **५,३४१,७१८** |
| गैर सञ्चालन आम्दानी | ३८२,२८१ |
| गैर सञ्चालन खर्च | |
| **आयकर अधिको मुनाफा** | **५,७२३,९९९** |
| **आयकर खर्च** | १,५३२,४०८ |
| चालू कर खर्च | १,५६५,७२७ |
| स्थगन कर खर्च | (३३,३१८) |
| **यस अवधिको मुनाफा** | **४,१९१,५९१** |
| **नाफा बाँडफाँड** | |
| बैंकको शेयर धनी | ४,१९१,५९१ |
| गैर नियन्त्रित स्वार्थ | |
| **यस अवधिको मुनाफा** | **४,१९१,५९१** |
| **प्रति शेयर आम्दानी (रु.)** | |
| **Basic प्रति शेयर आम्दानी (रु.)** | **४२.८८** |
| **Diluted प्रति शेयर आम्दानी (रु.)** | **४२.८८** |

## अन्य विस्तृत आयको विवरण
## ०१ श्रावण २०७५ देखि ३१ आषाढ २०७६ सम्म

| विवरण | रकम रु.हजारमा |
|---|---|
| **वर्ष भरिको खुद नाफा/(नोक्सान)** | **४,१९१,५९१** |
| **अन्य विस्तृत आम्दानी (कर कट्टी पश्चात)** | - |
| **क) नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण नहुने शिर्षकहरुः** | - |
| बजार मूल्यमा मापन हुने इक्वीटि उपकरणमा भएको लगानि को पूनर्मूल्याङ्कनबाट भएको नाफा /(नोक्सान) | १४८,९८० |
| पुनर्मूल्याङ्कनमा भएको नाफा / (नोक्सान) | - |
| परिभाषित लाभ योजनामा भएको Actuarial नाफा / (नोक्सान) | (३०४,२८९) |
| माथि उल्लेखित विवरणसँग सम्बन्धित कर | (४४,६९४) |
| **खुद अन्य विस्तृत आम्दानी - नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण नहुने** | (२००,००३) |
| **ख) नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण हुन सक्ने शिर्षकहरु** | - |
| Cash Flow Hedge मा भएको नाफा /(नोक्सान) | - |
| सटही नाफा / (नोक्सान) वैदशिक कारोबारमा | - |
| माथि उल्लेखित विवरणसँग सम्बन्धित कर | - |
| नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण गरिएको | - |
| **नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण हुन सक्ने खुद अन्य विस्तृत आम्दानी** | - |
| **ग) एसोसिएट कम्पनिको ईक्वीटि पद्धतिबाट लेखाङ्कन गरिएको अन्य विस्तृत आम्दानीमा भएका स्वार्थ** | - |
| **अन्य विस्तृत आम्दानी (कर कट्टी पस्चात)** | (२००,००३) |
| **वर्षको कुल विस्तृत आम्दानी (वर्ष भरिको खुद नाफा/(नोक्सान सहितको)** | ३,९९१,५८८ |
| **Total Comprehensive Income attributable to:** | - |
| बैंकका शेयरधनीहरु | ३,९९१,५८८ |
| नियन्त्रण नहुने स्वार्थ | - |

| | |
|---|---|
| **वर्षको कुल विस्तृत आम्दानी** | ३,९९१,५८८ |

## वितरण योग्य नाफाको विवरण

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| नाफा/नोक्सान हिसाब अनुसार खुद नाफा | **४,१९१,५९१** |
| बांड/फांड हरु | |
| साधारण जगेडा | ८३८,३१८ |
| बिदेशी मुद्रा घट/बढ कोष | |
| पुंजी फिर्ता कोष | |
| सामाजीक उत्तरदायित्व कोष | ४१,९१६ |
| कर्मचारी तालीम कोष | ५९,४६९ |
| अन्य | (२१,८७३) |
| नियमनकारी समायोजन अघिको नाफा | **३,२७३,७६१** |
| नियमनकारी समायोजनहरु | |
| पाउनु पर्ने ब्याज (-)पुरानो ब्याज प्राप्त (+) | (१७,८८६) |
| कर्जा नोक्सानी ब्यबस्थामा कमी (-)/फिर्ता (+) | - |
| लगानी हिसाब ब्यबस्थामा कमी (-)/फिर्ता (+) | - |
| गैर बैंकिग सम्पत्ती ब्यबस्थामा कमी (-)/फिर्ता (+) | (१८,११०) |
| स्थगन कर सम्पत्ति (-)/ घटी(+) | |
| ख्याती (-)/ ख्यातीमा कमी (+) | |
| खरीदमा फाईदा (-)घटी (+) | |
| एक्चुरीयल नोक्सान (-)फिर्ता{ (+) | (३०४,२८९) |
| *अन्य(+/-)* | |
| वितरण योग्य नाफा | **२,९३३,४७५** |

## नगद प्रवाह विवरण

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | |
| ब्याज आम्दानी | १५,४१३,८९५ |
| शुल्क तथा अन्य आम्दानी | १,०८१,४८१ |
| लाभांश प्राप्ती | - |
| अन्य सञ्चालन गतिविधिबाट प्राप्ती | ७०४,५६९ |
| ब्याज खर्च | (७,४३७,५२९) |
| कमिशन तथा शुल्क खर्च | (११,०१२) |
| कर्मचारी खर्च | (३,१३५,२४०) |
| अन्य खर्च | (८५६,२१८) |
| **सञ्चालन सम्पत्ति र दायित्वको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **५,७५९,९४६** |
| **सञ्चालन सम्बन्धी चालू सम्पत्तिमा कमी/(वृद्धि)** | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | ३,२७७,००७ |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात तथा लगानी | (२,८५८,७००) |
| अन्य व्यापारिक सम्पत्ति | - |
| बैंक तथा वित्तीय संस्थाहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | (७९८,२५१) |
| ग्राहकलाई प्रवाह गरेको कर्जा तथा सपटी | (१०,३९२,१९५) |
| अन्य सम्पत्ति | (३२९,८७७) |
| **सञ्चालन सम्बन्धी चालू दायित्वमा वृद्धि/(कमी)** | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी कर्जा/सापटी | (७३,५१७) |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | (१५६,७३२) |
| ग्राहकको निक्षेप दायित्व | १४,७०५,९६३ |
| सापटी | (२९९,५३०) |
| अन्य दायित्व | २०,९४४ |
| **कारोबार सञ्चालनबाट आयकर अघिको खूद नगद प्रवाह** | ८,८५५,०५८ |
| आयकर भुक्तानी | (१,९२८,३८०) |
| **कारोबार सञ्चालनबाट भएको खूद नगद प्रवाह** | ६,९२६,६७८ |

| | |
|---|---|
| **लगानी कारोबारमा नगद प्रवाह** | |
| धितोपत्र लगानी खरिद | (७,६८४,८७२) |
| धितोपत्र लगानीको बिक्रीबाट प्राप्ती | ३,०२६,६७७ |
| सम्पत्ति र उपकरणको खरिद | (२०७,८७०) |
| सम्पत्ति र उपकरणको बिक्रीबाट प्राप्ती | ३३३ |
| अमूर्त सम्पत्तिको खरिद | (२८,६२१) |
| अमूर्त सम्पत्तिको बिक्रीबाट प्राप्ती | |
| सहायक कम्पनी | - |
| सम्बद्ध कम्पनी | |
| लगानी सम्पत्तिको खरिद | - |
| लगानी सम्पत्तिको बिक्रीबाट प्राप्ती | २९,४०४ |
| ब्याज आम्दानी | - |
| लाभांश आम्दानी | १४,७१५ |
| **लगानी कारोबारबाट भएको खूद नगद प्रवाह** | **(४,८५०,२३३)** |
| **वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | |
| ऋणपत्र निष्काशनबाट प्राप्ती | - |
| ऋणपत्रको भुक्तानी | - |
| असुरक्षित सहायक आवधिक दायित्वको निष्काशनबाट प्राप्ती | |
| असुरक्षित सहायक आवधिक दायित्वको भुक्तानी | (४६०,०००) |
| शेयर निष्काशनबाट प्राप्ती | - |
| लाभांश खर्च | (१,३४३,२५८) |
| ब्याज खर्च | |
| अन्य आम्दानी/भुक्तानी | - |
| **वित्तीय श्रोत कारोबारबाट भएको खूद नगद प्रवाह** | **(१,८०३,२५८)** |
| **नगद प्रवाहमा भएको खूद वृद्धि/(कमी)** | **२७३१८६** |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | ११,२२७,२७४ |
| नगद तथा नगद समानमा विनिमय दरमा आएको परिवर्तनबाट भएको आम्दानी/खर्च | |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | ११,५००,४६० |

(२) **सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरिक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा):** बैंकको विगत ३ बर्षको लागि लेखापरिक्षण भएको वित्तीय विवरणहरु देहाय बमोजिम रहेको छ :

**समष्टिकृत वासलात** **(रु.हजारमा)**

| **सम्पत्ति** | **आ.ब. २०७३/०७४** | **आ.ब. २०७४/०७५** | **आ.ब. २०७५/०७६** |
|---|---|---|---|
| नगद तथा नगद समान | १२,२५४,०३१ | ११,२२७,५८८ | ११,५०२,५७४ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | ९,९२९,५९६ | ८,२७०,६६७ | ४,९९३,६६० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी | २,५०० | - | २,८५८,७०० |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | - | - | ११८,५५२ |
| अन्य व्यापारीक सम्पत्तिहरु | - | - | - |
| बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी | - | ४९५,००० | १,२८५,२६९ |
| ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | ९३,१८४,४१० | ९८,०९६,३५० | १०८,८०६,६९७ |
| धितोपत्रमा गरेको लगानी | ९,५९४,८६३ | १२,०८४,१०९ | १६,८७२,९४४ |
| चालू कर सम्पत्ति | - | - | |
| सहायक कम्पनीमा लगानी | - | - | |
| सम्बद्ध कम्पनीमा लगानी | ३१६,०५५ | ४०२,७८८ | ४९४,४७१ |
| सम्पत्तिमा लगानी | ३१२,१०४ | २४०,३१३ | २५८,४२३ |
| सम्पत्ति र उपकरण | १,११०,४२६ | १,२१२,४१७ | १,२६६,५२५ |
| गुडवील (ख्याती) र अमुर्त सम्पत्ति | ३,६६१ | ५३,५२८ | ६९,३९९ |
| स्थगन कर सम्पत्ति | - | - | |
| अन्य सम्पत्ति | १,७६८,५९० | ३,१२५,०८४ | ३,१५६,३४७ |
| **कुल सम्पत्ति** | **१२८,४७६,२३७** | **१३५,२०७,८४३** | १५१,६८३,५६२ |

| दायित्व र पूँजी | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब. २०७५/०७६ |
|---|---|---|---|
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी | ३००,९३३ | ५५१,८८७ | ४७८,३७० |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | २०३,४७५ | १९५,१५६ | ३८,४२४ |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | – | – | – |
| ग्राहकको निक्षेप दायित्व | ९९,५१४,७१९ | १०४,१७८,८४७ | ११८,८६४,२६५ |
| सापटी | ४६४,४५९ | ३६०,४४८ | ६०,९१८ |
| चालू कर दायित्व | ९,०४६ | २४६,०१२ | ६२,४१३ |
| व्यवस्था रकमहरु | – | – | – |
| स्थगन कर दायित्व | २६,५२६ | १०२,१६१ | १२१,४३३ |
| अन्य दायित्वहरु | ३,२६८,४६८ | २,९०३,३९९ | ३,५३१,२५२ |
| जारी गरिएको ऋणपत्र | ९२०,००० | ४६०,००० | – |
| असुरक्षित सहायक आवधीक दायित्व | – | – | – |
| **कूल दायित्व** | १०४,७०७,६२६ | १०८,९९७,९०९ | १२३,१५७,०७५ |
| **पूँजी** | – | – | – |
| शेयर पूँजी | १२,५२०,३९२ | १३,९३७,९२८ | १४,४४८,२४१ |
| शेयर प्रिमियम | ५४०,८२७ | – | – |
| सञ्चित मुनाफा | ३,५८४,३१३ | २,८३९,११६ | ३,५७३,५५३ |
| जगेडा | ७,१२०,७५८ | ९,४३०,९२३ | १०,५००,८८० |
| **शेयरधनीहरुलाई बाँडफाँडयोग्य कूल इक्विटी** | २३,७६६,२९१ | २६,२०७,९९७ | २८,५२२,६७३ |
| **गैर नियन्त्रित स्वार्थ** | २,३२१ | १,९६७ | ३,८१४ |
| **जम्मा पूँजी** | २३,७६८,६११ | २६,२०९,९३४ | २८,५२६,४८७ |
| **जम्मा दायित्व र पूँजी** | **१२८,४७६,२३७** | **१३५,२०७,८४३** | १५१,६८३,५६२ |
| संभावित दायित्व तथा प्रतिबद्धता | **३३,०७१,५४५** | **३८,९९२,८४३** | ५५,७७७,४२५ |
| प्रति शेयर खुद सम्पत्ति | **२५९** | **२४९.५८** | २५२.५० |

**समष्टिकृत नाफा नोक्सान हिसाव** (रु.हजारमा)

| विवरण | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब २०७५/०७६ |
|---|---|---|---|
| ब्याज आम्दानी | ११,२१०,९१३ | १३,९५६,६२७ | १५,४६७,७३६ |
| ब्याज खर्च | ४,२२४,८७१ | ६,९६७,९२७ | ७,८६३,४७६ |
| **खूद ब्याज आम्दानी** | **६,९८६,०४२** | **६,९८८,७००** | **७,६०४,२६१** |
| शुल्क तथा कमिशन आम्दानी | ९३९,२०८ | ९४९,७६५ | १,०८१,९१९ |
| शुल्क तथा कमिशन खर्च | ३,८९९ | ८,१०४ | ११,०१२ |
| **खूद शुल्क र कमिशन आम्दानी** | ९३५,३०९ | ९४१,६६१ | १,०७०,९०७ |
| **खूद ब्याज, शुल्क र कमिशन आम्दानी** | ७,९२१,३५१ | ७,९३०,३६१ | ८,६७५,१६८ |
| खूद व्यापारिक आम्दानी | १३७,७६८ | १८८,१२९ | ३१८,८७३ |
| अन्य सञ्चालन आम्दानी | ५०६,२४४ | ४४,५६७ | १८,८९८ |
| **जम्मा सञ्चालन आम्दानी** | **८,५६५,३६४** | **८,१६३,०५७** | **९,०१२,९३९** |
| कर्जामा सम्भावित क्षती व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानीहरु | ६३६,६६७ | (८२२,३५३) | (२८९,८४७) |
| **खूद सञ्चालन आम्दानी** | **७,९२८,६९७** | **८,९८५,४१०** | **९,३०२,७८६** |
| **सञ्चालन खर्च** | – | – | – |
| कर्मचारी खर्च | ३,२१३,०७५ | ३,१८५,०९६ | २,९३०,२५६ |
| अन्य सञ्चालन खर्च | ६८७,०९० | ७३०,७५५ | ८७६,९१० |
| ह्रासकट्टी र परिशोधन | १५३,७९३ | १३१,९६४ | १६६,२२० |
| **सञ्चालन मुनाफा** | **३,८७४,७३८** | **४,९३७,५९५** | **५,३२९,३००** |
| गैर सञ्चालन आम्दानी | ३४२,७०४ | ३२४,०१४ | ४८६,६३८ |
| गैर सञ्चालन खर्च | ३,३९७ | ४,३२० | |
| **आयकर अघिको मुनाफा** | **४,२१४,०४५** | **५,२५७,२८९** | **५,८१५,९३८** |
| **आयकर खर्च** | १२४,७६२५ | १,५३५,६०५ | १,७११,४६३ |

| | | | |
|---|---|---|---|
| चालू कर खर्च | १,२६४,२१४ | १,५१३,८२८ | १,७४४,७८१ |
| स्थगन कर खर्च | (१६,५८९) | २१,७७७ | (३३,३१८) |
| **यस अवधिको मुनाफा** | **२,९६६,४२०** | **३,७२१,६८४** | **४,१०४,४७५** |
| **नाफा बाँडफाँड** | - | - | - |
| बैंकको शेयर धनी | २९,६६,५८२ | ३,७२२,०३७ | **४,१०२,६२९** |
| गैर नियन्त्रित स्वार्थ | (१६२) | (३५४) | १,८४६ |
| **यस अवधिको मुनाफा** | **२,९६६,४२०** | **३,७२१,६८४** | **४,१०४,४७५** |
| **प्रति शेयर आम्दानी (रु.)** | | | - |
| **Basic प्रति शेयर आम्दानी (रु.)** | **३७२५** | **३७६७** | **४१९१** |
| **Diluted प्रति शेयर आम्दानी (रु.)** | **३७२५** | **३७६७** | **४१९१** |

**समष्टिकृत अन्य विस्तृत आयको विवरण**

| विवरण | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब. २०७५/०७६ |
|---|---|---|---|
| वर्ष भरिको खुद नाफा/(नोक्सान) | २,९६६,४२० | ३,७२२,०३७ | ४,१०४,४७५ |
| **अन्य विस्तृत आम्दानी (कर कट्टी पश्चात)** | - | - | - |
| **क) नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण नहुने शिर्षकहरु:** | - | - | - |
| बजार मूल्यमा मापन हुने इक्वीटि उपकरणमा भएको लगानि को पूनर्मूल्याङ्कनबाट भएको नाफा / (नोक्सान) | (६८३,९११) | १७९,५२६ | १७५,३०२ |
| पुनर्मूल्याङ्कनमा भएको नाफा / (नोक्सान) | - | - | - |
| परिभाषित लाभ योजनामा भएको Actuarial नाफा / (नोक्सान) | (४०१,१०८) | (३९०,२५३) | (३०४,२८९) |
| माथि उल्लेखित विवरणसँग सम्बन्धित कर | २०५,१७३ | (५३,८५८) | (५२,५९१) |
| **खुद अन्य विस्तृत आम्दानी - नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण नहुने** | (८७९,८४६) | (२६४,५८५) | (१८१,५७८) |
| **ख) नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण हुन सक्ने शिर्षकहरु** | - | - | - |
| Cash Flow Hedge मा भएको नाफा /(नोक्सान) | - | - | - |
| सटही नाफा / (नोक्सान) वैदशिक कारोबारमा | - | - | - |
| माथि उल्लेखित विवरणसँग सम्बन्धित कर | - | - | - |
| नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण गरिएको | - | - | - |
| **नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण हुन सक्ने खुद अन्य विस्तृत आम्दानी** | - | - | - |
| **ग) एसोसिएट कम्पनिको ईक्वीटि पद्धतिबाट लेखाङ्कन गरिएको अन्य विस्तृत आम्दानीमा भएका स्वार्थ** | - | - | - |
| **अन्य विस्तृत आम्दानी (कर कट्टी पस्चात)** | (८७९,८४६) | (२६४,५८५) | (१८१,५७८) |
| **वर्षको कुल विस्तृत आम्दानी (वर्ष भरिको खुद नाफा/(नोक्सान सहितको)** | २,०८६,५७५ | ३,४५७,४५२ | ३,९२२,८९७ |
| **Total Comprehensive Income attributable to:** | - | - | - |
| बैंकका शेयरधनीहरु | २,०८६,७३७ | ३,४५७,४५२ | ३,९२१,०५१ |
| नियन्त्रण नहुने स्वार्थ | (१६२) | (३५४) | १,८४६ |
| **वर्षको कुल विस्तृत आम्दानी** | २,०८६,५७५ | ३,४५७,०९८ | ३,९२२,८९७ |

**वितरण योग्य नाफाको विवरण** **(रु.हजारमा)**

| विवरण | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब २०७५/०७६ |
|---|---|---|---|
| **नाफा/नोक्सान हिसाब अनुसार खुद नाफा** | **२,९७३,२८१** | **३,६५३,५१९** | **४,१९१,५९१** |
| बांड/फांड हरु | - | - | |
| साधारण जगेडा | ५१३,०४४ | ६८८,४६५ | ८३८,३१८ |
| बिदेशी मुद्रा घट/बढ कोष | - | २,३६३ | |
| पुंजी फिर्ता कोष | - | ४६०,००० | |
| सामाजीक उत्तरदायित्व कोष | २५,६५२ | ३३,४७३ | ४१,९१६ |
| कर्मचारी तालीम कोष | ६७,३०५ | २८,९८९ | ५९,४६९ |
| अन्य | ४७४,०८६ | | (२१,८७३) |
| | | | |

| | | | |
|---|---|---|---|
| **नियमनकारी समायोजन अघिको नाफा** | **१,८९३,१९४** | **२,४४०,२३०** | **३,२७३,७६१** |
| नियमनकारी समायोजनहरु | - | - | |
| पाउनु पर्ने ब्याज (-)पुरानो ब्याज प्राप्त (+) | - | (६६६,७६९) | (१७,८८६) |
| कर्जा नोक्सानी ब्यबस्थामा कमी (-)/फिर्ता (+) | - | - | - |
| लगानी हिसाब ब्यबस्थामा कमी (-)/फिर्ता (+) | - | - | - |
| **गैर बैंकिग सम्पत्ती ब्यबस्थामा कमी (-)/फिर्ता (+)** | **-** | **(२४०,३१३)** | (१८,११०) |
| **स्थगन कर सम्पत्ति (-)/ घटी(+)** | - | - | |
| **ख्याती (-)/ ख्यातीमा कमी (+)** | - | - | |
| **खरीदमा फाईदा (-)घटी (+)** | - | - | |
| **एक्चुरीयल नोक्सान (-)फिर्ता{ (+)** | - | (८६०,९३७) | (३०४,२८९) |
| *अन्य*(+/-) | - | - | |
| **वितरण योग्य नाफा** | १,८९३,१९४ | ६७२,२१० | **२,९३३,४७५** |

**समष्टिकृत नगद प्रवाह विवरण** (रकम रु. हजारमा)

| विवरण | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब २०७५/०७६ |
|---|---|---|---|
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | | | |
| ब्याज आम्दानी | ११,३४०,६३१ | १३,८४७,३७९ | १५,४१३,८९५ |
| शुल्क तथा अन्य आम्दानी | ९३९,२०८ | ९४९,७६५ | १,०८१,९१९ |
| लाभांश प्राप्ती | - | - | - |
| अन्य सञ्चालन गतिविधिबाट प्राप्ती | ९०४,०१५ | ४४८,६९६ | ७०४,८५७ |
| ब्याज खर्च | (४,५३६,६८१) | (६,८३०,८०६) | (७,४३६,१२१) |
| कमिशन तथा शुल्क खर्च | (३,८९९) | (६,०५६) | (११,०१२) |
| कर्मचारी खर्च | (३,३२९,१३७) | (३,२३३,६३५) | (३,१३६,४००) |
| अन्य खर्च | (१,०९२,०२८) | (१,२३२,५४३) | (८५६,८२२) |
| **सञ्चालन सम्पत्ति र दायित्वको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **४,२२२,१०९** | **३,९४२,८०१** | **५,७६०,३१६** |
| | | | |
| **सञ्चालन सम्बन्धी चालू सम्पत्तिमा कमी/(वृद्धि)** | - | - | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | (५,२१८,३७३) | १,६५८,९२९ | ३,२७७,००७ |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात तथा लगानी | ८,५०० | २,५०० | (२,८५८,७००) |
| अन्य व्यापारिक सम्पत्ति | - | - | - |
| बैंक तथा वित्तीय संस्थाहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | - | (४९५,०००) | (७९८,२५१) |
| ग्राहकलाई प्रवाह गरेको कर्जा तथा सपटी | (९,९७४,३३७) | (६,३९३,१९६) | (१०,३९२,१९५) |
| अन्य सम्पत्ति | ८२१,८९८ | ३४९,४४२ | (३३२,७०७) |
| | (१०,१४०,२०३) | (९३४,५२५) | (५,३४४,५३०) |
| **सञ्चालन सम्बन्धी चालू दायित्वमा वृद्धि/(कमी)** | - | - | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी कर्जा/सापटी | (१४९,३४४) | २५०,९५४ | (७३,५१७) |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | १५७,१७६ | (८,३१९) | (१५६,७३२) |
| ग्राहकको निक्षेप दायित्व | १२,५७८,१३४ | ४,७०१,६२८ | १४,६८५,४१७ |
| सापटी | (४९,९८१) | (१०४,०११) | (२९९,५३०) |
| अन्य दायित्व | (१८७,६८८) | (३३१,८६२) | १,६५१ |
| **कारोबार सञ्चालनबाट आयकर अघिको खूद नगद प्रवाह** | २,२०८,०९३ | ३,५७३,८६६ | ८,८१२,७५८ |
| आयकर भुक्तानी | (१,२४५,६४५) | (१,२७६,८६२) | (१,९२८,३८०) |
| **कारोबार सञ्चालनबाट भएको खूद नगद प्रवाह** | **९६२,४४९** | **२,२९७,००३** | ६,८८४,३७८ |
| | - | - | |
| **लगानी कारोबारमा नगद प्रवाह** | - | - | |
| धितोपत्र लगानी खरिद | (२००,०३६) | (२,४०८,५३०) | (७,६५८,५५०) |
| धितोपत्र लगानीको बिक्रीबाट प्राप्ती | (२,७२७,८४३) | १६,१८५ | ३,०४४,४७९ |
| सम्पत्ति र उपकरणको खरिद | (२८१,९६२) | (२३१,०२२) | (२०७,८९४) |
| सम्पत्ति र उपकरणको बिक्रीबाट प्राप्ती | १९२,५२६ | २,९४८ | ३३३ |
| अमूर्त सम्पत्तिको खरिद | - | (५५,७४८) | (२८,६२१) |

| | | | |
|---|---|---|---|
| अमूर्त सम्पत्तिको बिक्रीबाट प्राप्ती | - | - | |
| लगानी सम्पत्तिको खरिद | - | - | - |
| लगानी सम्पत्तिको बिक्रीबाट प्राप्ती | - | १९२,०५१ | २९,४०४ |
| ब्याज आम्दानी | - | - | - |
| लाभांश आम्दानी | ११,१०० | २१,२३८ | १४,७१५ |
| **लगानी कारोबारबाट भएको खूद नगद प्रवाह** | **(३,००६,२१५)** | **(२,४६२,८७६)** | **(४,८०६,१३४)** |
| **वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | - | - | |
| ऋणपत्र निष्काशनबाट प्राप्ती | - | - | |
| ऋणपत्रको भुक्तानी | (४६०,०००) | (४६०,०००) | (४६०,०००) |
| असुरक्षित सहायक आवधिक दायित्वको निष्काशनबाट प्राप्ती | - | - | |
| असुरक्षित सहायक आवधिक दायित्वको भुक्तानी | - | - | - |
| शेयर निष्काशनबाट प्राप्ती | १,५०५,५३९ | - | |
| लाभांश खर्च | (४४८,३८१) | (४००,५७०) | (१,३४३,२५८) |
| ब्याज खर्च | - | - | - |
| अन्य आम्दानी/भुक्तानी | - | - | |
| **वित्तीय श्रोत कारोबारबाट भएको खूद नगद प्रवाह** | **५९७,१५८** | **(८६०,५७०)** | **(१,८०३,२५८)** |
| | - | - | |
| **नगद प्रवाहमा भएको खूद वृद्धि/(कमी)** | (१,४४६,६०८) | (१,०२६,४४३) | २७४,९८६ |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | १३,७००,६४० | १२,२५४,०३१ | ११,२२७,५८८ |
| नगद तथा नगद समानमा विनिमय दरमा आएको परिवर्तनबाट भएको आम्दानी/खर्च | - | - | |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | **१२,२५४,०३१** | **११,२२७,५८८** | **११,५०२,५७४** |

**(३) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण : ब्यतीत नभएको ।**

**(४) आम्दानी र खर्चको हिसावमा कुनै शिर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

**(५) पछिल्लो वित्तीय विवरणको लेखापरिक्षण भए पश्चात संगठित संस्थाको कारोबारमा, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :**
सो नभएको ।

**(६) आर्थिक बर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृती हुने मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने :** सो नभएको ।

**(७) विगत ५ बर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ /छैन, यदि गरिएको भए**
**(अ) सम्पत्तिको विवरण,**
**(आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको किताबी मुल्य**
**(ई) पूनर्मूल्यांकनको औचित्य :**
**सो नभएको ।**

(NFRS Reporting प्रयोजनको लागि Disclose गर्न मिती २०७५/०३/३२ मा जग्गा र भवनको Fair Value यकिन गरिएको । साथै यसलाई बैंकको लेखा श्रेस्तामा लेखाङ्कन गरिएको छैन ।)

**(रु. हजारमा)**

| **क्र. सं.** | **सम्पत्तिको विवरण** | **लागत मुल्य** | **बजार मुल्य (Fair Value)** |
|---|---|---|---|
| १. | **जग्गा** | **१४८,७७६** | **७,७१५,३३४** |
| २. | **भवन** | **५१०,२०२** | **१,०६३,१६०** |

**(८) आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :** बैंकको आगामी ३ वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम रहेको छ ।

**वासलात** **(रु.हजारमा)**

| **सम्पत्ति** | **आ.ब. २०७६/०७७** | **आ.ब. २०७७/०७८** | **आ.ब. २०७८/०७९** |
|---|---|---|---|
| नगद तथा नगद समान | १२,७५२,८२० | १२,८८७,३८० | १३,००९,३६० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | ५,६८०,२०० | ६,०६७,६८० | ७,३७२,९६० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी | ३,०८७,४०० | ३,१४९,००० | ३,८१२,००० |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | - | - | - |

| | | | |
|---|---|---|---|
| अन्य व्यापारीक सम्पत्तिहरु | - | - | - |
| बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी | २,०००,००० | २,३००,००० | २,६४५,००० |
| ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | १३१,७०२,१०० | १५६,८०६,९४० | १८७,२३३,६३० |
| धितोपत्रमा गरेको लगानी | १८,०००,००० | २१,६००,००० | २३,७९५,००० |
| चालू कर सम्पत्ति | - | - | - |
| सहायक कम्पनीमा लगानी | ३०४,८६० | ३०४,८६० | ३०४,८६० |
| सम्बद्ध कम्पनीमा लगानी | २८,८४० | २८,८४० | २८,८४० |
| सम्पत्तिमा लगानी | २६६,२०० | २९३,००० | ३२२,००० |
| सम्पत्ति र उपकरण | २,२१३,९०० | २,३०३,९०० | २,४१०,९०० |
| गुडवील (ख्याती) र अमुर्त सम्पत्ति | - | - | - |
| स्थगन कर सम्पत्ति | - | - | - |
| अन्य सम्पत्ति | १,९६०,७०० | २,१५७,००० | २,१६३,५०० |
| **कुल सम्पत्ति** | **१७७,९९७,०२०** | **२०७,८९८,६००** | **२४३,०९८,०६०** |
| **दायित्व र पूँजी** | **आ.ब. २०७६/०७७** | **आ.ब. २०७७/०७८** | **आ.ब. २०७८/०७९** |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी | ६५०,००० | ५८५,००० | ५२७,००० |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | १९,२०० | १८,००० | १७,००० |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | - | - | - |
| ग्राहकको निक्षेप दायित्व | १३९,२८६,४०० | १६२,७६५,००० | १९२,८१७,००० |
| सापटी | ३१,००० | २९,००० | २८,००० |
| चालू कर दायित्व | - | - | - |
| व्यवस्था रकमहरु | - | - | - |
| स्थगन कर दायित्व | - | - | - |
| अन्य दायित्वहरु | ४,३२६,८५० | ६,९२१,३३० | ७,४६१,०३० |
| जारी गरिएको ऋणपत्र | २,५००,००० | २,५००,००० | २,५००,००० |
| असुरक्षित सहायक आवधीक दायित्व | - | - | - |
| **कूल दायित्व** | **१४६,८१३,४५०** | **१७२,८१८,३३०** | **२०३,३५०,०३०** |
| **पूँजी** | | | |
| शेयर पूँजी | १४,४४८,२४० | १५,३४९,७९० | १६,३४१,५०० |
| शेयर प्रिमियम | - | - | - |
| सञ्चित मुनाफा | ४,६९४,६९० | ५,८३३,२५० | ७,३४४,९८० |
| जगेडा | १२,०४०,६४० | १३,८९७,२३० | १६,०६१,५४० |
| **शेयरधनीहरुलाई बाँडफाँड योग्य कूल इक्विटी** | - | - | - |
| **जम्मा पूँजी** | **३१,१८३,५७०** | **३५,०८०,२७०** | **३९,७४८,०३०** |
| **जम्मा दायित्व र पूँजी** | **१७७,९९७,०२०** | **२०७,८९८,६००** | **२४३,०९८,०६०** |

## नाफा नोक्सान हिसाव

**(रु.हजारमा)**

| **विवरण** | **आ.ब. २०७६/०७७** | **आ.ब. २०७७/०७८** | **आ.ब. २०७८/०७९** |
|---|---|---|---|
| ब्याज आम्दानी | १६,०८४,६०० | १८,१५१,००० | २०,९६०,००० |
| ब्याज खर्च | ८,३११,९०० | ९,२६९,००० | १०,६३२,००० |
| **खूद ब्याज आम्दानी** | **७,७७२,७००** | **८,८८२,०००** | **१०,३२८,०००** |
| शुल्क तथा कमिशन आम्दानी | १,७०८,८०० | २,१३४,१६० | २,४५५,५३० |
| शुल्क तथा कमिशन खर्च | २,५०० | २,६३० | २,७६० |
| **खूद शुल्क र कमिशन आम्दानी** | **१,७०६,३००** | **२,१३१,५३०** | **२,४५२,७७०** |
| **खूद ब्याज, शुल्क र कमिशन आम्दानी** | **९,४७९,०००** | **११,०१३,५३०** | **१२,७८०,७७०** |
| खूद व्यापारिक आम्दानी | ४००,००० | ५४०,००० | ५६७,००० |
| अन्य सञ्चालन आम्दानी | २२,५०० | ७२,००० | ७६,००० |
| **जम्मा सञ्चालन आम्दानी** | **९,९०१,५००** | **११,६२५,५३०** | **१३,४२३,७७०** |
| कर्जामा सम्भावित क्षती व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानीहरु | (९४७,१००) | (५५०,०००) | (३५०,०००) |
| **खूद सञ्चालन आम्दानी** | **१०,८४८,६००** | **१२,१७५,५३०** | **१३,७७३,७७०** |

| | | | |
|---|---|---|---|
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | ३,३४२,००० | ३,४२७,००० | ३,६२३,००० |
| अन्य सञ्चालन खर्च | १,२७२,९०० | १,२८६,००० | १,३५०,००० |
| ह्रासकट्टी र परिशोधन | १७०,००० | १६०,००० | १६८,००० |
| **सञ्चालन मुनाफा** | **६,०६३,७००** | **७,३०२,५३०** | **८,६३२,७७०** |
| गैर सञ्चालन आम्दानी | ६०७,८०० | २८२,००० | २०४,००० |
| गैर सञ्चालन खर्च | ११,५०० | ६,००० | ३,००० |
| **आयकर अघिको मुनाफा** | **६,६६०,०००** | **७,५७८,५३०** | **८,८३३,७७०** |
| **आयकर खर्च** | - | - | - |
| चालू कर खर्च | १,९९८,००० | २,२७४,००० | २,६५०,००० |
| स्थगन कर खर्च | - | - | - |
| **यस अवधिको मुनाफा** | **४,६६२,०००** | **५,३०४,५३०** | **६,१८३,७७०** |
| **शेयर संख्या** (हजारमा) | **९०,१५५.४** | **९९,१७०.९** | **१०९,०८८.०** |
| **प्रति शेयर आम्दानी** (रु.) | **५१.७१** | **५३.४९** | **५६.६९** |

**नगद प्रवाह विवरण** **(रु.हजारमा)**

| **विवरण** | **आ.ब. २०७६/०७७** | **आ.ब. २०७७/०७८** | **आ.ब. २०७८/०७९** |
|---|---|---|---|
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | | | |
| ब्याज आम्दानी | १६,०८४,६०० | १८,१५१,००० | २०,९६०,००० |
| शुल्क तथा अन्य आम्दानी | १,७०८,८०० | २,१३४,१६० | २,४५५,५३० |
| लाभांश प्राप्ती | - | - | - |
| अन्य सञ्चालन गतिविधिबाट प्राप्ती | २२,५०० | ७२,००० | ७६,००० |
| ब्याज खर्च | (८,३११,९००) | (९,२६९,०००) | (१०,६३२,०००) |
| कमिशन तथा शुल्क खर्च | (२,५००) | (२,६३०) | (२,७६०) |
| कर्मचारी खर्च | (३,३४२,०००) | (३,४२७,०००) | (३,६२३,०००) |
| अन्य खर्च | (१,२७२,९००) | (१,२८६,०००) | (१,३५०,०००) |
| **सञ्चालन सम्पत्ति र दायित्वको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **४,८८६,६००** | **६,३७२,५३०** | **७,८८३,७७०** |
| **सञ्चालन सम्बन्धी चालू सम्पत्तिमा कमी/(वृद्धि)** | - | - | - |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | (६८४,६१०) | (३८७,४८०) | (१,३०५,२८०) |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात तथा लगानी | (२२८,७००) | (६१,६००) | (६६३,०००) |
| अन्य व्यापारिक सम्पत्ति | - | - | - |
| बैंक तथा वित्तीय संस्थाहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | (७१४,७३०) | (३००,०००) | (३४५,०००) |
| ग्राहकलाई प्रवाह गरेको कर्जा तथा सपटी | (१९,८६२,९३०) | (२५,१०४,८४०) | (३०,४२६,६९४) |
| अन्य सम्पत्ति | ९४३,५४० | (१९६,३००) | (६,५००) |
| | (१५,६६०,८३०) | (१९,६७७,६९०) | (२४,८६२,७०४) |
| **सञ्चालन सम्बन्धी चालू दायित्वमा वृद्धि/(कमी)** | - | - | - |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी कर्जा/सापटी | ८५,५३० | (६५,०००) | (५८,०००) |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | (१९,२२०) | (१,२००) | (१,०००) |
| ग्राहकको निक्षेप दायित्व | १९,५२२,९५० | २३,४७८,६०० | ३०,०५२,००० |
| सापटी | (३१,०००) | (२,०००) | (१,०००) |
| अन्य दायित्व | ४१५,६६० | ३,८७०,३२० | १,५५८,५३० |
| **कारोबार सञ्चालनबाट आयकर अघिको खूद नगद प्रवाह** | **४,३१३,०९०** | **७,६०३,०३०** | **६,६८७,८२६** |
| आयकर भुक्तानी | (१,९९८,०००) | (२,२७४,०००) | (२,६५०,०००) |
| **कारोबार सञ्चालनबाट भएको खूद नगद प्रवाह** | **२,३१५,०९०** | **५,३२९,०३०** | **४,०३७,८२६** |
| **लगानी कारोबारमा नगद प्रवाह** | - | - | - |
| धितोपत्र लगानी खरिद | (१,१४०,१४०) | (३,६००,०००) | (२,१९५,०००) |
| धितोपत्र लगानीको बिक्रीबाट प्राप्ती | - | - | - |
| सम्पत्ति र उपकरणको खरिद | - | - | - |
| सम्पत्ति र उपकरणको बिक्रीबाट प्राप्ती | (७,७८०) | (२६,८००) | (२९,०००) |
| अमूर्त सम्पत्तिको खरिद | (१,१२६,९००) | (२५०,०००) | (२७५,०००) |

| | | | |
|---|---|---|---|
| अमूर्त सम्पत्तिको बिक्रीबाट प्राप्ती | – | – | – |
| लगानी सम्पत्तिको खरिद | – | – | – |
| लगानी सम्पत्तिको बिक्रीबाट प्राप्ती | – | – | – |
| ब्याज आम्दानी | – | – | – |
| लाभांश आम्दानी | – | – | – |
| **लगानी कारोबारबाट भएको खूद नगद प्रवाह** | (२,२७४,८२०) | (३,८७६,८००) | (२,४९९,०००) |
| **वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | – | – | – |
| ऋणपत्र निष्काशनबाट प्राप्ती | २,५००,००० | – | – |
| ऋणपत्रको भुक्तानी | – | – | – |
| असुरक्षित सहायक आवधिक दायित्वको निष्काशनबाट प्राप्ती | – | – | – |
| असुरक्षित सहायक आवधिक दायित्वको भुक्तानी | – | – | – |
| शेयर निष्काशनबाट प्राप्ती | – | – | – |
| लाभांश खर्च | (१,२२७,५१० | (१,३१७,६७० | (१,४१६,८४० |
| ब्याज खर्च | – | – | – |
| अन्य आम्दानी/भुक्तानी | – | – | – |
| **वित्तीय श्रोत कारोबारबाट भएको खूद नगद प्रवाह** | **१,२७२,४९०** | **(१,३१७,६७०** | **(१,४१६,८४०** |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | ११,४४०,०६० | १२,७५२,८२० | १२,८८७,३८० |
| नगद तथा नगद समानमा विनिमय दरमा आएको परिवर्तनबाट भएको आम्दानी/खर्च | – | – | – |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | **१२,७५२,८२०** | **१२,८८७,३८०** | **१३,००९,३६०** |

**वितरण योग्य नाफाको विवरण**

| विवरण | आ.ब. २०७६/०७७ | आ.ब. २०७७/०७८ | आ.ब. २०७८/०७९ |
|---|---|---|---|
| **नाफा/नोक्सान हिसाब अनुसार खुद नाफा** | **४,६६१,९९९** | **५,३०४,५३०** | **६,१८३,७७०** |
| बांड/फांड हरु | – | – | – |
| साधारण जगेडा | ९३२,४०० | १,०६०,९१० | १,२३६,७५० |
| बिदेशी मुद्रा घट/बढ कोष | ९३२,४०० | १,०६०,९०६ | १,२३६,७५४ |
| पुंजी फिर्ता कोष | ३५७ | ३५७ | ३५७ |
| सामाजीक उत्तरदायित्व कोष | ४६,६२० | ५३,०४५ | ६१,८३८ |
| कर्मचारी तालीम कोष | ८७,३०९ | १००,२६० | १०२,८१० |
| अन्य | ६९९,३०० | ७९५,६८० | ९२७,५७० |
| | | | |
| **नियमनकारी समायोजन अघिको नाफा** | **१,९६३,६१३** | **२,२३३,३७२** | **२,६१७,६९१** |
| नियमनकारी समायोजनहरु | – | – | – |
| पाउनु पर्ने ब्याज *(-)*पुरानो ब्याज प्राप्त *(+)* | – | – | – |
| कर्जा नोक्सानी ब्यबस्थामा कमी *(-)*/फिर्ता *(+)* | – | – | – |
| लगानी हिसाब ब्यबस्थामा कमी *(-)*/फिर्ता *(+)* | – | – | – |
| गैर बैंकिग सम्पत्ती ब्यबस्थामा कमी *(-)*/फिर्ता *(+)* | – | – | – |
| स्थगन कर सम्पत्ति *(-)*/ घटी*(+)* | – | – | – |
| ख्याती *(-)*/ ख्यातीमा कमी *(+)* | – | – | – |
| खरीदमा फाईदा *(-)*घटी *(+)* | – | – | – |
| एक्चुरीयल नोक्सान *(-)*फिर्ता{ *(+)* | – | – | – |
| *अन्य(+/-)* | – | – | – |
| **वितरण योग्य नाफा** | **१,९६३,६१३** | **२,२३३,३७२** | **२,६१७,६९१** |

**(ख) वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी ३ बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

विगत ३ बर्षको प्रति शेयर नेटवर्थ, प्रति शेयर आम्दानी :

| विवरण | वास्तविक | | | प्रक्षेपित* | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७३/०७४ | आ.व. ०७४/०७५ | आ.व ०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रति शेयर नेटवर्थ (रु.) | २५६ | २३७।६० | २५०।६१ | २८५।६३ | २९८।९५ | ३१४।५७ |
| प्रति शेयर आम्दानी (रु.) | ३७।३५ | ३६।९१ | ४२।८८ | ५१.७१ | ५३.४९ | ५६.६९ |
| संचित नाफा नोक्सान (रु. हजारमा) | ३,४१२,३५४ | २,५९८,६३८।४१ | ३,४२२,०३७।५३ | ४,६९४,६९० | ५,८३३,२५० | ७,३४४,९८० |

विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित*(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७३/०७४ | आ.व. ०७४/०७५ | आ.व ०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
| चुक्ता पुंजी | १२,५२०,३९२ | १३,९३७,९२८ | १४,४४८,२४१ | १४,४४८,२४० | १५,३४९,७९० | १६,३४१,५०० |
| जगेडा तथा कोषहरु | ११,०७३,९४० | १२०२९५६२ | १३,९०४,४९२ | १६,७३५,३३० | १९,७३०,४८० | २३,४०६,५२० |
| **कुल** | **२३,५९४,३३२** | **२५,९६७,४९०** | **२८,३५२,७३३** | **३१,१८३,५७०** | **३५,०८०,२७०** | **३९,७४८,०३०** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च | | | | | | |
| **कुल नेटवर्थ** | **२३,५९४,३३२** | **२५,९६७,४९०** | **२८,३५२,७३३** | **३१,१८३,५७०** | **३५,०८०,२७०** | **३९,७४८,०३०** |
| शेयर संख्या (हजारमा) | ७०८७६।८ | ८५०५२।१६ | ९०१५५।२९ | ९०,१५५।४ | ९९,१७०।९ | १०९,०८८।० |
| प्रति शेयर नेटवर्थ (रु.)** | २५६ | २३७।६० | २५०।६१ | २८५।६३ | २९८।९५ | ३१४।५७ |
| प्रति शेयर आम्दानी चुक्ता पुंजी** | ३७।३५ | ३६।९१ | ४२।८८ | ५१।७१ | ५३।४९ | ५६।६९ |
| नेटवर्थमा औसत प्रतिफल | १४।५९ | १६।४७ | १७।११ | १८।१० | १७।८९ | १८।०२ |

* यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण NFRS बमोजिम तयार पार्ने विज्ञमा कृषि विकास बैक लि. आफै रहेको र यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञ श्री घिमिरे एण्ड एसोशियटस्का चार्टर्ड एकाउन्टेन्ट श्री सुरज घिमिरे रहनु भएको छ ।

** प्रति शेयर नेटवर्थ र प्रति शेयर आम्दानी गणना गर्दा Irredemable preference shares र यसमा दिने लाभांस समाबेश गरिएको छैन ।

**वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :**

| विवरण | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
|---|---|---|---|
| निक्षेप बृद्धिदर | १६.३०% | १६.८६% | १८.४६% |
| कर्जा तथा सापट बृद्धिदर | १७.८०% | १८.९९% | १८.८०% |
| कर्जा निक्षेप अनुपात (CCD Ratio) | ७७.३८% | ७८.८१% | ७९.५९ % |
| संचालन खर्च बृद्धिदर | २१.४५% | १.८४% | ५.५०% |
| आयकर दर प्रतिशत | ३०.००% | ३०.००% | ३०.००% |
| निक्षेपको लागत दर | ६.३०% | ६.०४% | ५.९०% |
| औषत ब्याज आम्दानी दर | १२.९४% | १२.३१% | ११.९५% |
| निश्क्रिय कर्जा प्रतिशत | १.५२% | ०.८३% | ०.५९% |
| अनिवार्य नगद मौज्दात (CRR) | ४.५०% | ४.५०% | ४.५०% |
| बैधानीक तरलता अनुपात (SLR) | १२.००% | १२.००% | १२.००% |
| पूँजीकोष अनुपात (CAR) | १९.००% | १९.००% | १९.००% |

माथि उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको विगतका बर्षहरुको कारोवारको वृद्धि, भावी योजनाहरु एवम् शाखा संजाल विस्तार गर्ने रणनीति, हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञ श्री घिमिरे एण्ड एसोशियटस्का चार्टर्ड एकाउन्टेन्ट श्री सुरज घिमिरे रहनु भएको छ । बैंकले कर्जा निक्षेप अनुपात, संचालन खर्च बृद्धिदर, निश्क्रिय कर्जा प्रतिशत ,अनिवार्य नगद मौज्दात, बैधानीक तरलता अनुपात तथा पूँजीकोष अनुपातका साथै नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुरुप कायम गरी वित्तीय विवरणको प्रक्षेपण गरेको हो ।

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**(क) धितोपत्र जारी गर्नुको उद्देश्य :**

अ) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने काम कारोबारका लागि आवश्यक पर्ने पूँजी जुटाउन ।

आ) बैंकको पूँजीकोष बृद्धि गर्न ।

**(ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग:**

**(१) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धि विवरण :**

ऋणपत्र निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनी ऐन, नेपाल राष्ट्र बैंक ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैंकको व्यबसायिक प्रयोजनमा उपयोग गरिनेछ । ऋणपत्र जारी गरी प्राप्त हुने ऋण पूँजीको उपयोग सम्बन्धमा देहाय अनुसार उल्लेख गरिएको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | नेपाल राष्ट्र बैंकबाट स्वीकृत क्षेत्रमा कर्जा लगानी | १,५०,००,००,००० |
| २. | नेपाल सरकारको प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा लगानी | १,००,००,००,००० |
| | **जम्मा** | **२,५०,००,००,०००** |

(२) **सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक ब्यबस्था :** सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नका लागि ब्यक्तिगत तवरबाट बिक्री गरिनेछ ।

(३) **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण:** सो नभएको ।

(४) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मितिः** सो नभएको।

(५) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम रसप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बूँदाहरु :** सो नभएको ।

(६) **कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

(७) **उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** सो नभएको ।

(८) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** सो नभएको ।

(९) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** सो नभएको ।

(१०) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने**

(क) निष्काशन तथा बिक्री प्रबन्धक– यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने ऋणपत्रको निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी कार्य गर्नका लागि नियुक्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेडलाई उक्त सेवा प्रदान गरे बापत रु.१,००,०००/– (अक्षरुपी एक लाख रुपैंया मात्र) सेवा शुल्क बापत भुक्तानी दिइनेछ ।

(ख) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा)– डिबेन्चर ट्रष्टीको सेवा प्रदान गरे बापत श्री एनआईबिएल एस क्यापिटल लिमिटेडलाई बार्षिक रु.१५,०००/– (अक्षरुपी पन्द्र हजार रुपैंया मात्र) सेवा शुल्क बापत भुक्तानी दिइनेछ ।

(ग) क्रेडिट रेटिङ्ग शुल्क – ईक्रा नेपाल लिमिटेडलाई डिबेन्चर निष्काशनको लागि क्रेडिट रेटिङ्ग र निष्काशन कम्पनीको रेटिङ समेत सेवा प्रदान गरे बापत एकमुष्ठ रु.१३,७८,०००/– (अक्षेरुपी तेह्र लाख अठहत्तर हजार मात्र) कर समेत र ऋणपत्र अवधि सम्मको लागि प्रति बर्ष रु.२५०,०००/– (अक्षेरुपी दुई लाख पचास हजार मात्र) कर बाहेकका दरले भुक्तानी दिइनेछ ।

(घ) प्रत्याभूतिकर्ता– सो नभएको ।

(ङ) विज्ञहरु–वित्तीय प्रक्षेपण पुनरावलोकन गरी प्रमाणित गर्ने विज्ञलाई रु. १५,०००/–(अक्षेरुपी पन्ध्र हजार मात्र) ।

(च) लेखापरीक्षक– यस सार्वजनिक निष्काशनको लागि लेखापरिक्षकलाई भुक्तानी नगरिएको ।

(छ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि)– सो नभएको ।

(ग) **सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:** सो नभएको ।

(घ) **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** सो नभएको ।

(ङ) **धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी ब्यवस्था :**

(१) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्र बाँडफाँट गरिनेछ र ऋणपत्र बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि कुनै पक्षले (व्यक्तिगत तवर/सर्वसाधारण) सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई (व्यक्तिगत तवर/सर्वसाधारण) खरिद गर्ने व्यवस्था गरिनेछ ।

(२) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यबस्था** : यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्रको लागि "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको बाँडफाँटमा नपरेको ऋणपत्र बापत रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवेदकले आवेदन गर्दाको बखत रोक्का राखेको खाताको रकम मात्र फुकुवा गरि फिर्ता भुक्तानी गरिनेछ ।

(३) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** लागु नहुने ।

(४) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधिः** निष्काशन गरिने ऋणपत्र प्रचलित

धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका,२०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँट गरी सूचिकरण भए पश्चात सम्बन्धित ऋणपत्रधनीको हितग्राही **(Demat)** खातामा जम्मा गरिनेछ ।

(५) **धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :** बैकको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण रहेको । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र बाँडफाँट पश्चात सूचिकरण गरिने छ ।

(६) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यबस्था सम्बन्धी विवरण :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यबस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्रको खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**(च) प्रत्याभूति सम्बन्धी विवरण :**

**(१) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** सो नभएको ।

**(२) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :** सो नभएको ।

**(छ) आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(१) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार,लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ । साथै यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्र खरिदका लागि आवेदन गरी बाँडफाँट भए पश्चात कायम ऋणपत्रधनीहरुले कम्पनीको बार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन् ।

**(२) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

क. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र बैंकको रजिष्टर्ड कार्यालय, रामशाहपथ, काठमाण्डौं, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

ख. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले न्यूनतम २५ (पच्चीस) कित्ता र अधिकतम २,५०,००० (दुइ लाख पचास हजार) कित्ता ऋणपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ । न्यूनतम २५ (पच्चीस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १ अंकको गुणाङ्कमा अधिकतममा २,५०,००० (दुइ लाख पचास हजार) कित्ता ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ । तर व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्रको हकमा अधिकतम् हद लागु हुने छैन ।

ग. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/– (एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिनु पर्नेछ । तर व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्रको हकमा निष्काशन कम्पनी वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मार्फत लिखित रुपमा सहमती जनाई खरिद गर्न सक्नेछन् ।

(३) **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

क.कुनै पनि सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ संस्था वा कम्पनीले यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिन सक्नेछन् । निष्काशित सम्पूर्ण ऋणपत्रका लागि ४ (चार) कार्य दिन सम्ममा सर्वसाधारण नेपाली नागरिकका साथै  नेपाली संघ संस्था वा कम्पनीले आवेदन दिन पाउनेछ ।

ख. दरखास्त दिंदानेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

ग. आवेदकले आवेदन दिँदा आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवदेन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनु हुँदैन ।

घ. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाउने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।

ङ. रितपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।

च. ऋणपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ ।

छ. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिन ऋणपत्र खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नपर्ने मुख्य कुराहरु :**

१. कुनै पनि नेपाली संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफूले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यसै बैंकको बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्नेछ ।

२. आवेदन दिँदा आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

३. आवेदन फाराम नेपाली तथा अंग्रेजी दुवै भाषामा पेश गर्नुपर्नेछ ।

४. आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/– को दरले हुन आउने रकम बराबरको एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा खिचिएको बैंक एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ । यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलावा, निवेदकले एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्ने छ ।

५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।

६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

### ग.११.सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

**निष्काशनकर्ता संगठित संस्था र निम्नलिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति** : कारोबार नभएको ।

(ख) **आधारभूत शेयरधनी** : कारोबार नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य** : कारोबार नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था** : सो नभएको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा** : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने** : कुनै ऋण कारोबार गरेको छैन ।

### ग.१२.विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** सो नभएको ।

### ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :**

| विवरण | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| चौंथो त्रैमास आ.ब.०७५/०७६ | ४५१ | ३१३ | ४०९ | ९१६३ |
| तेश्रो त्रैमास आ.ब.०७५/०७६ | ३५२ | २९० | ३१५ | ३२४० |
| दोश्रो त्रैमास आ.ब.०७५/०७६ | ३६५ | ३२० | ३५० | २५७८ |
| पहिलो त्रैमास आ.ब.०७५/०७६ | ३७७ | ३११ | ३५४ | ३८५८ |

| | | | | |
|---|---|---|---|---|
| चौंथो त्रैमास आ.ब.०७४/०७५ | ३८२ | २९९ | ३१४ | ३११७ |
| तेश्रो त्रैमास आ.ब.०७४/०७५ | ४२३ | २८३ | ३३७ | ३४१९ |
| दोश्रो त्रैमास आ.ब.०७४/०७५ | ४५८ | ४०० | ४२० | ३५७१ |
| पहिलो त्रैमास आ.ब.०७४/०७५ | ४७२ | ४१८ | ४४९ | ४५४७ |
| चौंथो त्रैमास आ.ब.०७३/०७४ | ५११ | ४१५ | ४३५ | ४४७२ |
| तेश्रो त्रैमास आ.ब.०७३/०७४ | ६१५ | ४१३ | ४७२ | ६४४१ |
| दोश्रो त्रैमास आ.ब.०७३/०७४ | ६८३ | ४८० | ५४२ | २६८५ |
| पहिलो त्रैमास आ.ब.०७३/०७४ | १११३ | ६५९ | ६८३ | ७११२ |

नोट : शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत जानकारी लिन सकिनेछ ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :**

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या | कारोबार दिन |
|---|---|---|---|---|---|
| **२०७६ मंसिर** | ४२३ | ४०० | ४०६ | १५५६ | २२ |
| **२०७६ कार्तिक** | ४२५ | ४०९ | ४१७ | ८२४ | १६ |
| **२०७६ आश्विन** | ४२५ | ४०७ | ४१४ | १०१० | १७ |
| **२०७६ भाद्र** | ४३४ | ४०८ | ४१८ | २२४३ | २४ |
| **२०७६ श्रावण** | ४४२ | ४०८ | ४३० | ३४०९ | २२ |
| **२०७६ आषाढ** | ४२६ | ४०० | ४०९ | २०४० | २३ |

नोटः शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचि मार्फत जानकारी लिन सकिनेछ ।

**ग.१४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारणः** यस ऋणपत्र निष्काशन भन्दा अघि बैंकले हकप्रद शेयर निष्काशन गरेको र सो प्रयोजनको लागि प्रकाशित विवरणपत्रमा प्रक्षेपित खुद मुनाफा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन नरहेको । उक्त विवरण पत्र तथा बैंकको वास्तविक विवरणहरुको तुल्ना निम्न अनुसार रहेको छ ।

**वासलात** (रु.हजारमा)

| **सम्पत्ति** | **प्रक्षेपित आ.व.२०७५/७६** | **बास्तविक आ.व.२०७५/७६** | **फरक रकम** | **फरक प्रतिशत** |
|---|---|---|---|---|
| नगद तथा नगद समान | ३,९३५,३६६.०० | ११,५००,४६०.०० | ७,५६५,०९४ | १९२.२३ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | १०,६६२,८३०.०० | ४,९९३,६६०.०० | -५,६६९,१७० | -५३.१७ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी | १,९५७,३१०.०० | २,८५८,७००.०० | ९०१,३९० | ४६.०५ |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | - | ११८,५५२.०० | ११८,५५२ | |
| अन्य व्यापारीक सम्पत्तिहरु | - | - | | |
| बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी | - | १,२८५,२६९.०० | १,२८५,२६९ | |
| ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | १४५,८९०,६७९.०० | १०८,८०६,६९७.०० | -३७,०८३,९८२ | -२५.४२ |
| धितोपत्रमा गरेको लगानी | १७,१७३,५००.०० | १६,८४६,६०९.०० | -३२६,८९१ | -१.९० |
| चालू कर सम्पत्ति | - | २०६,४२३.०० | २०६,४२३ | |
| सहायक कम्पनीमा लगानी | - | २८,८४०.०० | २८,८४० | |
| सम्बद्ध कम्पनीमा लगानी | - | ६९,३८४.०० | ६९,३८४ | |
| सम्पत्तिमा लगानी | - | २५८,४२३.०० | २५८,४२३ | |
| सम्पत्ति र उपकरण | २,२०९,३७१.०० | १,२६४,१९२.०० | -९४५,१७९ | -४२.७८ |
| गुडवील (ख्याती) र अमुर्त सम्पत्ति | - | ६९,३९९.०० | ६९,३९९ | |
| स्थगन कर सम्पत्ति | - | | ० | |
| अन्य सम्पत्ति | १०,२१७,९४३.०० | ३,१५१,१२२.०० | -७,०६६,८२१ | -६९.१६ |
| **कुल सम्पत्ति** | १९२,०४६,९९९.०० | १५१,४५७,७३१.०० | -०,५८९,२६८ | -२१.१४ |
| **दायित्व र पूँजी** | - | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी | - | ४७८,३७०.०० | ४७८,३७० | |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | - | ३८,४२४.०० | ३८,४२४ | |

| | | | | |
|---|---|---|---|---|
| व्युत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | - | - | | |
| ग्राहकको निक्षेप दायित्व | १६०,५११,४०६.०० | ११८,८८४,९२३.०० | -४१,६२६,४८३ | -२५.९३ |
| सापटी | ५२६,३३८.०० | ६०,९१८.०० | -४६५,४२० | -८८.४३ |
| चालू कर दायित्व | - | - | | |
| व्यवस्था रकमहरु | - | - | | |
| स्थगन कर दायित्व | - | ११३,५३६.०० | ११३,५३६ | |
| अन्य दायित्वहरु | ४,२८१,४९३.०० | ३,५२८,८२७.०० | -७५२,६६६ | -१७.५८ |
| जारी गरिएको ऋणपत्र | - | - | | |
| असुरक्षित सहायक आवधीक दायित्व | - | - | | |
| **कूल दायित्व** | १६५,३१९,२३७.०० | १२३,१०४,९९८.०० | | |
| **पूँजी** | - | - | | |
| शेयर पूँजी | १३,९३७,९२८.०० | १४,४४८,२४१.०० | ५१०,३१३ | ३.६६ |
| शेयर प्रिमियम | - | - | | |
| सञ्चित मुनाफा | २,९०५,९४९.०० | ३,४२२,०३८.०० | ५१६,०८९ | १७.७६ |
| जगेडा | ९,८८३,८८५.०० | १०,४८२,४५४.०० | ५९८,५६९ | ६.०६ |
| **शेयरधनीहरुसंग सम्बन्धीत कुल इक्विटी** | - | २८,३५२,७३३.०० | २८,३५२,७३३ | |
| **जम्मा पूँजी** | २६,७२७,७६२.०० | २८,३५२,७३३.०० | १,६२४,९७१ | ६.०८ |
| **जम्मा दायित्व र पूँजी** | १९२,०४६,९९९.०० | १५१,४५७,७३१.०० | | 0 |
| संभावित दायित्व तथा प्रतिबद्धता | - | ५५,७७७,४२५.०० | | |
| प्रति शेयर खुद सम्पत्ति | - | २५०.६१ | | |

## नाफा नोक्सान हिसाव

(रु.हजारमा)

| विवरण | प्रक्षेपित | बास्तविक | फरक | फरक |
|---|---|---|---|---|
| | आ.व.२०७५/७६ | आ.व.२०७५/७६ | रकम | प्रतिशत |
| ब्याज आम्दानी | १२,१५१,१३० | १५,४८०,१२२ | ३,३२८,९९२ | २७.४० |
| ब्याज खर्च | ४,६४५,२३० | ७,८६५,१३० | ३,२१९,९०० | ६९.३२ |
| **खूद ब्याज आम्दानी** | **७,५०५,९००** | **७,६१४,९९२** | १०९,०९२ | १.४५ |
| शुल्क तथा कमिशन आम्दानी | ३७६,३१० | १,०८१,४८१ | ७०५,१७१ | १८७.३९ |
| शुल्क तथा कमिशन खर्च | ० | ११,०१२ | ११,०१२ | ०.०० |
| **खूद शुल्क र कमिशन आम्दानी** | ३७६,३१० | १,०७०,४६९ | ६९४,१५९ | १८४.४६ |
| **खूद ब्याज, शुल्क र कमिशन आम्दानी** | ७,८८२,२१० | ८,६८५,४६० | ८०३,२५० | १०.१९ |
| खूद व्यापारिक आम्दानी | ३२६,७०० | ३१८,८७३ | -७,८२७ | -२.४० |
| अन्य सञ्चालन आम्दानी | १,१२८,४४६ | १८,८९८ | -,१०९,५४८ | -९८.३३ |
| **जम्मा सञ्चालन आम्दानी** | **९,३३७,३५६** | **९,०२३,२३२** | -३१४,१२४ | -३.३६ |
| कर्जामा सम्भावित क्षती व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानीहरु | २९९,३८० | -२८९,८४७ | -५८९,२२७ | -९६.८२ |
| **खूद सञ्चालन आम्दानी** | **९,६३६,७३६** | **९,३१३,०७८** | -३२३,६५८ | -३.३६ |
| **सञ्चालन खर्च** | ० | ० | ० | ०.०० |
| कर्मचारी खर्च | ४,७६७,४९० | २,९२८,८६२ | -,८३८,६२८ | -३८.५७ |
| अन्य सञ्चालन खर्च | ९५९,८५० | ८७६,३०६ | -८३,५४४ | -८.७० |
| ह्रासकट्टी र परिशोधन | १६६,१९३ | १६६,१९३ | ० | ०.०० |
| **सञ्चालन मुनाफा** | **३,७४३,२०३** | **५,३४१,७१८** | १,५९८,५१५ | ४२.७० |
| गैर सञ्चालन आम्दानी | ५७०,५१५ | ३८२,२८१ | -१८८,२३४ | -३२.९९ |
| गैर सञ्चालन खर्च | ० | | ० | ०.०० |
| **आयकर अघिको मुनाफा** | **४,३१३,७१८** | **५,७२३,९९९** | १,४१०,२८१ | ३२.६९ |
| **आयकर खर्च** | १,०७८,४३० | १,५३२,४०८ | ४५३,९७८ | ४२.१० |
| चालू कर खर्च | १,०७८,४३० | १,५६५,७२७ | ४८७,२९७ | ४५.१९ |
| स्थगन कर खर्च | ० | -३३,३१८ | -३३,३१८ | ०.०० |
| **यस अवधिको मुनाफा** | **३,२३५,२८८** | **४,१९१,५९१** | ९५६,३०३ | २९.५६ |

| | | | | |
|---|---|---|---|---|
| **नाफा बाँडफाँड** | ० | | ० | |
| बैंकको शेयर धनी | ३,२३५,२८८ | ४,१९१,५९१ | ९५६,३०३ | २९.५६ |
| गैर नियन्त्रित स्वार्थ | ० | | ० | |
| **यस अवधिको मुनाफा** | ३,२३५,२८८ | **४,१९१,५९१** | ९५६,३०३ | २९.५६ |
| **प्रति शेयर आम्दानी** (रु.) | ३३ | ४२.८८ | १० | २९.९४ |

**ग.१५.परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:**

**(क)लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नामतथा ठेगाना :**

- **लेखापरीक्षक**
  यस वित्तीय संस्थाको आ.ब.०७५/०७६ को बैधानीक लेखापरीक्षक Joshi and Bhandari Chartered Accountant and K.A.S Associates Chartered Accountant रहनु भएको छ ।
- **प्रमुख बैंक**
  यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।
- **निष्काशन कार्यसँग संलग्न बैंक**
  "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा यो व्यबस्था लागू नहुने ।
- **प्रक्षेपित वित्तीय विवरण तयार पार्ने बिज्ञ**
  यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने बिज्ञमा निष्काशनकर्ता कम्पनी आफै रहेको छ ।
- **प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञको नाम तथा ठेगाना**
  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने बिशेषज्ञमा श्री घिमिरे एस. एसोशियटस्का चार्टर्ड एकाउन्टेन्ट श्री सुरज घिमिरे रहेका छन् ।

**(ख) माथि खण्ड १५(क) मा उल्लेखित संस्था वा व्यक्तिसँग सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु :** सो नभएको

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:** लागू नहुने ।

**ग.१७.मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा ब्यबस्थापनको धारणा:** लागू नहुने ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** हाल सम्म संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई मुद्दा दायर गरिएको छैन ।

(ग) **विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु:** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा एक विशेष कक्षको ब्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकृत श्री राम कुमार महतलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समयभित्र ४००५०८० एक्सटेन्सन ४४४ मा सम्पर्क गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण:** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशनसम्बन्धी विवरण :**

(क) **यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "ADBL कृषि बैंक ऋणपत्र २०८३" निष्काशन गर्न शर्तहरु देहाय बमोजिम रहेकोछ :**

(अ) **ऋणपत्र निष्काशनको शर्त बन्देजहरु:** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु यस विवरणपत्रको दफा ग.१०.छ मा उल्लेख गरिएको छ ।

(आ) **ऋणपत्रको अवधि(Maturity Period):** यस ऋणपत्रको अवधि ऋणपत्र बाँडफाँट भएको दिनबाट ७ (सात) बर्षको हुनेछ सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।

(इ) **निष्काशन गरिने ऋणपत्रको रकम :** प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका २५ लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु.२ अर्व ५० करोड ऋणपूँजी रकम मध्ये रु. १०० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका १० लाख कित्ता ऋणपत्र (सो मध्ये ५% अर्थात ५०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशन तथा रु.१ अर्व ५० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००।- अंकित मूल्यका १५ लाख कित्ता ऋणपत्र विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिनेछ ।

(ई) **ऋणपत्र साधारण शेयरमा परिणत हुने वा नहुने :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र ७ (सात) बर्षको अवधि पश्चात एकमुष्ठ रुपमा भुक्तानी गरिने भएकोले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

(उ) **ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :** यस ऋणपत्रको बार्षिक ब्याजदर १०.३५% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक बर्षको प्रथम अर्ध-वार्षिक (पौष मसान्त) र द्वितीय अर्ध-वार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्धवर्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक बर्षको माघ १ गतेदेखि र द्वितीय अर्ध-वार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक बर्षको श्रावण १ गतेदेखि भुक्तानी गरिनेछ ।

(ऊ) **ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धित व्यवस्था:** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रलाई निर्धारित ७ (सात) वर्ष समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष **(Debenture Redemption Reserves)** को व्यवस्था गर्नेछ । ऋणपत्र निष्काशन भएको आर्थिक बर्ष र भुक्तानी हुने आर्थिक बर्ष बाहेकका पांच बर्षमा समानुपातिक (Proportionate) आधारमा वार्षिक रु.५० करोडका दरले कम्पनीको नाफा नोक्सान बाँडफाँट हिसाब खाता **(Profit & Loss Appropriation A/c)** बाट ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तरण गरिनेछ । कम्पनीले कुनै आर्थिक बर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो बर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष **(Debenture Redemption Reserves)** मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ । यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्लो वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष **(Debenture Redemption Reserves)** मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ । सो को तालिका निम्न बमोजिम हुनेछ:

| क्र. | आर्थिक बर्ष | रकमान्तर गरिने रकम | ऋणपत्र भुक्तानी कोषको संचित रकम |
|---|---|---|---|
| १ | २०७७/०७८ | ५०,००,००,०००/- | ५०,००,००,०००/- |
| २ | २०७८/०७९ | ५०,००,००,०००/- | १,००,००,००,०००/- |
| ३ | २०७९/०८० | ५०,००,००,०००/- | १,५०,००,००,०००/- |
| ४ | २०८०/०८१ | ५०,००,००,०००/- | २,००,००,००,०००/- |
| ५ | २०८१/०८२ | ५०,००,००,०००/- | २,५०,००,००,०००/- |

(ए) **ऋणपत्रवालाको अधिकार :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्न ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रधनीलाई प्राप्त हुने सम्पूर्ण हक सुविधा प्राप्त हुनेछ । तर त्यस्तो ऋणपत्रधनीहरुलाई कम्पनीको साधारण सभामा भाग लिन र मतदात गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडी मात्र हुनेछ ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण :** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण **(Unsecured Debt)** भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण **(Subordinate Debt)** भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक **(Specific Charge)** अधिकार हुने छैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ । बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ । बैंकको सम्पत्ति मध्ये प्रथम हकवालको रकम आषाढ मसान्त २०७६ मा रु. ११९,७६३,४५२ हजार रहेको छ ।

(ग) **ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरुः**

ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने ब्यबस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको ब्यबस्था गरिएको छ ।

(अ) **ट्रष्टीको नाम तथा ठेगाना :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ रहेको छ ।

(आ) **ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :** यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा ब्यक्तितग तवरबाट विभिन्न ब्यक्ति वा संघ संस्थालाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौलाई उक्त सेवा प्रदान गरे बापत बार्षिक रु.१५,०००/– (अक्षेरुपी पन्द्र हजार रुपैंया मात्र) ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा भुक्तानी दिइनेछ ।

**(इ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको श्री राम कुमार महतलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ । निजले एमएसम्मको शैक्षिक योग्यता हासिल गरी करिब १६ बर्ष भन्दा बढी बैंक तथा मर्चेण्ट बैंकिङ्ग क्षेत्रको कार्य अनुभव हासिल गर्नु भएको छ ।

**(ई) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यबस्था :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन्:

गुनासो सुन्ने अधिकारीको नामः राम कुमार महत

इमेलः ram@niblcapital.com

फोन नं.०१-४००५०८०

**(उ) ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :** ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको ब्यबस्था अनुरुप मिति २०७६/०५/११ मा सम्झौता गरिएको छ ।

**(ऊ) ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि ब्यबस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :** ऋणपत्रट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि ब्यबस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ ।

**(ए) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ ।

**(ऐ) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यबस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमासो उपलब्ध गराउने सम्बन्धमा गरिएको ब्यबस्था :**ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यबस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने ब्यबस्था गरिएको छ ।

**(ओ) अन्य :**

- ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने ।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा पठाउनु पर्ने ।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष **(Debenture Redemption Reserves)** को अनुगमन गर्ने ।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृती लिनुपर्ने ।

**(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको ब्यबस्था :** सो नभएको ।

**(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजनाः**

- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
- कम्पनीको पुरक पूँजीकोष **(Supplimentary Capital)** बृद्धि गर्न ।
- प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुका लागि आवश्यक पर्ने पूँजी जुटाउन ।

**(च) जारी पूँजी चुक्ता भएको/नभएको :** कम्पनीको जारी पूँजी सम्पूर्ण चुक्ता भैसकेको ।

**(छ) यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण :**

यस भन्दा अगाडी बैंकले मिति २०६७/०३/०१ मा रु.४६ करोडको पाँच वटा (जम्मा रु.२३० करोड बराबरको) ५ बर्ष अवधिको बार्षिक ६% ब्याजदर भएको ऋणपत्र नेपाल सरकारलाई जारी गरेको थियो । उक्त ऋणपत्रको भुक्तानी गर्नका लागि ऋणपत्र भुक्तानी जगेडा कोष **(Debenture Redemption Reserves)** खडा गरी बार्षिक रुपमा रु.४६०,०००,०००/– का दरले हाल सम्म रु.२३०,०००,०००/– जम्मा गरिएको छ । साथै उक्त ऋणपत्र क्रमशः मिति २०७२/०३/०१, २०७३/०३/०१, २०७४/०३/०१, २०७५/०३/०१, २०७६/०३/०१ मा चुक्ता भईसकेको छ । साथै भुक्तानी जगेडा कोषमा रहेको रकम रु.२३० करोड संलग्न लेखापरीक्षण भएको वित्तीय विवरणमा सोही शीर्षकमा उल्लेख गरिएको छ ।

**(ज) अन्य :**

- यो ऋणपत्र कृषि बिकास बैंक बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ ।
- यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेडतथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण तथा दर्ता गराई खरिद बिक्रीको ब्यवस्था मिलाइनेछ ।

– **ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थान :** यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित ब्याज रकम कृषि बिकास बैंक लिमिटेडको कुनै पनि शाखाबाट वा कम्पनीले तोकेको स्थानबाट आफ्ना ऋणपत्रको ब्याज भुक्तानी पूर्जा पेश गरी ऋणपत्रको ब्याज भुक्तानी लिन सक्ने गरी निष्काशन गरिएको छ । ऋणपत्रको ब्याज भुक्तानी पूर्जा जारी नगरी सवै ऋणपत्रहरु हितग्राही खातामा राखिएको अवस्थामा सवै ऋणपत्रधनीहरुको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा व्याज रकम जम्मा हुने व्यवस्था मिलाईनेछ ।

– ऋणपत्रको बाँडफाँट पश्चात बाँडफाँटमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँट भएको दिन देखिको पहिलो अर्ध-बार्षिकको ब्याज रकम सो अर्ध-बार्षिक अवधिको समाप्ति पश्चात भुक्तानी दिइनेछ । यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई ब्याज रकम भुक्तानी गर्नका लागि ऋणपत्रको प्रमाणपत्रको अलावा ब्याज भुक्तानी पूर्जा **(Interest Coupon)** दिइनेछ ।

– **नेपाल राष्ट्र बैकले ऋणपत्र निष्काशन गर्न स्वीकृत प्रदान गर्दा नेपाल राष्ट्र बैकबाट तोकिएका शर्तहरु निम्न अनुसार रहेको छ :**

यस कृषि बिकास बैंकले निष्काशन गर्न लागेको **"ADBL कृषि बैंक ऋणपत्र, २०८३"** ऋणपत्र निष्काशन गर्नका लागि नेपाल राष्ट्र बैकद्धारा मिति २०७६/०६/२९ पत्रसंख्या : बै.वि.नि.वि./बिआर-२/कृषि विकास/०७६/०७७ को पत्र मार्फत देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्ने भनी स्वीकृति प्रदान गरेको छ :

१) कुनै पनि सुरक्षण नराखी **"ADBL कृषि बैंक ऋणपत्र, २०८३"** निष्काशन गर्नुपर्ने ।

२) ऋणपत्रको अवधि ७ वर्षको हुने ।

३) ऋणपत्रको वार्षिक व्याजदर १०.३५ प्रतिशत हुनुपर्ने, ऋणपत्रमा प्रदान गरिने व्याज ६/६ महिनामा भुक्तानी गर्नुपर्ने र आर्जित व्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने ।

४) बैंक विघटन भएको अवस्थामा **"ADBL कृषि बैंक ऋणपत्र, २०८३"** को भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने ।

५) **"ADBL कृषि बैंक ऋणपत्र, २०८३"** जारी भएको मितिले वढीमा ३ महिना भित्रमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत गर्नुपर्ने ।

६) कृषि बिकास बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त डिबेन्चर धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नु पर्ने ।

७) **"ADBL कृषि बैंक ऋणपत्र, २०८३"** निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरि प्रकाशन गर्नुपर्ने ।

८) डिबेन्चरको रकम भुक्तानी गर्न प्रयोजनको लागि बैंकको बार्षिक मुनाफाबाट उक्त बण्ड निष्काशन गरिएको आर्थिक बर्ष र भुक्तानी हुने आर्थिक बर्ष बाहेकका पांच बर्षमा समानुपातिक (Proportionate) आधारमा रु.२५० करोड बराबरको रकम भुक्तानी कोष Capital Redemption Reserve को व्यवस्था गर्नुपर्ने । साथै, नाफा नभएको अवस्थामा मुनाफाबाट छुट्टयाउनुपर्ने रकम व्यहोर्ने श्रोत स्पष्ट रुपमा विवरणपत्रमा उल्लेख हुनुपर्ने ।

९) Private Placement को आधारमा विक्री गरिने डिबेन्चरको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नुपर्ने ।

१०) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने ।

२१. **अग्राधिकार शेयर निष्काशन सम्बन्धी ब्यबस्था:** नभएको ।

२२. **अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि लेखापरीक्षक श्री सुरज घिमिरेले प्रमाणित गर्नु भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको उक्त प्रक्षेपित वित्तीय विवरण NFRS अनुसार नै बनेको भनी लेखापरीक्षक श्री श्री सुरज घिमिरेले आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण:**

| क्र.सं. | नाम | पद | परिवर्तन भएको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | श्री रमेश कुमार महत | संचालक समिति सदस्य | ब्यक्तिगत कारणले राजिनामा । | |
| २ | श्री लक्ष्मी देवि मानन्धर | संचालक समिति सदस्य | ब्यक्तिगत कारणले राजिनामा । | |
| ३ | श्री गोविन्द भट्टराई | संचालक समिति सदस्य | ब्यक्तिगत कारणले राजिनामा । | |
| ४ | श्री शिशिर कुमार ढुंगाना | संचालक समिति सदस्य | (नेपाल सरकारबाट निजको सट्टा अन्यलाई मनोनय गरेकोले) | पदावधि समाप्त भएकोले अवकाश । |
| ५ | डा.योगेन्द्र कुमार कार्की | संचालक समिति सदस्य | (नेपाल सरकारबाट निजको सट्टा | |

| | | | | |
|---|---|---|---|---|
| | | | अन्यलाई मनोनय गरेकोले) | |
| ६ | श्री विष्णुप्रसाद नेपाल | संचालक समिति सदस्य | (नेपाल सरकारबाट निजको सट्टा अन्यलाई मनोनय गरेकोले) | |
| ७ | श्री प्रमोद कुमार कार्की | (संचालक समिति अध्यक्ष) | ४ बर्षे पदावधि समाप्त भएकोले | |
| ८ | श्री घनश्याम अवस्थी | संचालक समिति सदस्य | ४ बर्षे पदावधि समाप्त भएकोले | |
| ९ | श्री मनोज बस्नेत | संचालक समिति सदस्य | ४ बर्षे पदावधि समाप्त भएकोले | |
| १० | डा. चन्द्र बहादुर अधिकारी | संचालक समिति सदस्य | ४ बर्षे पदावधि समाप्त भएकोले | |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

काठमाडौ जिल्ला टोखा नगरपालिका-७ धापासी काठमाण्डौं निवासी स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरी विगत २३ बर्ष देखि निरन्तर रुपमा बैकिङ्ग कार्य गरिरहनु भएको श्री हिमलाल पौडेल यस बैंकको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**(घ) ऋणपत्र निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ऋणपत्र वा डिबेन्चर जारी गर्नुपर्ने भएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई प्रचलित कानूनको अधिनमा रही संचालक समितिले निर्णय गरी जारी गर्न सक्ने हुँदा सोही अनुसार बैंकको मिति २०७६/०५/२३ मा बसेको ७६७ औं संचालक समितिको निर्णय बमोजिम बार्षिक १०.३५ प्रतिशत व्याज दिने गरी सात वर्ष अवधिको लागि रु.२ अर्ब ५० करोड बराबरको २५ लाख कित्ता ऋणपत्र जारी गर्ने निर्णय गरेको छ । जसमध्ये १५० करोड बराबरको निष्काशन व्यक्तिगत तवर र बाँकी १०० करोड बराबरको सार्वजनिक निष्काशन मार्फत बिक्री गरिनेछ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण:**सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय:**

कार्यालय समयभित्र निम्न स्थानहरुमा सम्पर्क राखि बैंकको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, रामशाहपथ, काठमाण्डौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि ऋणपत्र सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने प्रति ऋणपत्र रु.१,०००/– अंकित मुल्यका कुल १० लाख कित्ता ऋणपत्र संख्याको ५% अर्थात ५०,००० कित्ता ऋणपत्रहरु सामुहिक लगानी कोषको लागि छुट्टयाएर सुरक्षित गरिएको छ । यसरी छुट्टयाएको ऋणपत्र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाडंफांट गरिनेछ ।

**(झ) बैंकले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण:**

बैंकले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने बैंकको उद्घोषण रहेकोछ । साथै यस बैंकले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. २०७४/०७५ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आर्थिक वर्षसम्म यस बैंक अद्यावधिक रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य रहेको सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्नेछन् ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था** : यस विवरणपत्र अनुसार निष्काशन गरिने ७ वर्ष अवधि तथा १०.३५ प्रतिशत ब्याजदर भएको **"ADBL कृषि बैंक ऋणपत्र, २०८३"** नामक ऋणपत्रलाई ईक्रा नेपाल लिमिटेडले न्यून कर्जा जोखिम **(low Credit Risk)** जनाउने **"[ICRANP] .LA "(Pronounced as ICRA NP L A)** रेटिङ्ग मिति प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने **Instrument** लाई समयमा नै वित्तिय दायित्व पुरा गर्ने सम्बन्धमा पर्याप्त **(Adaquate)** मात्रामा सुरक्षीत मानिन्छ । जोखिमको दृष्टिकोणमा यस्ता उपकरणह न्यून कर्जा जोखिम भएको मानिन्छ । साथै यस बैंकलाई ईक्रा नेपाल लिमिटेडले न्यून कर्जा जोखिम (Low Credit Risk) जनाउन "[ICRANP-IR] A" (Pronounced as ICRA NP Issuer Rating A) रेटिङ्ग ) रेटिङ्ग मिति २०७६/०९/२२ मा प्रदान गरेको छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**

१. देशका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस बैंकको व्यबस्थापन सक्षम तथा प्रभावकारी भएको ।
२. जोखिम लेखाजोखा पश्चात मात्र लगानी तथा कर्जाको अवसरहरुमा कोषको प्रवाह भएको ।
३. स्थापनाकालदेखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।
४. बैंकिङ्ग क्षेत्रमा द्रुत गतिमा व्यबसाय विस्तार गर्न सफल रहेको ।

**(ढ) शेयर रजिष्टार सम्वन्धि व्यवस्था :**

शेयर रजिष्टार सम्वन्धि सम्पूर्ण कार्य एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौले गर्नेछ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्य दिन र बढिमा ३० दिन सम्म खुल्ला रहने छ । **व्यक्तिगत तवर (Private Placement)** बाट बिक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशन संगै बन्द हुनेछ ।

**ग.२३. विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री क्षेत्र बहादुर सेजुवाल, | अध्यक्ष (नेपाल सरकार अर्थमन्त्रालय प्रतिनिधि) (संस्थापक समूह) | |
| २ | श्री झक्कप्रसाद आचार्य | संचालक (नेपाल सरकार अर्थमन्त्रालय प्रतिनिधि) (संस्थापक समूह) | |
| २ | श्री रघुराम विष्ट, | संचालक (नेपाल सरकार पशुपन्छी विकास मन्त्रालय प्रतिनिधि) (संस्थापक समूह) | |
| ३ | श्रीमती इन्दिरा श्रेष्ठ -मास्के), | संचालक (स्वतन्त्र संचालक) | |
| ४ | श्री सञ्जीव पौडेल, | संचालक (सर्वसाधारण समूह) | |
| ५ | श्री हरि प्रसाद पराजुली,। | संचालक (सर्वसाधारण समूह) | |
| ६. | श्री विनोद कुमार गुरागाई, | संचालक (सर्वसाधारण समूह) | |

३.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Kathmandu, Nepal

Ref: 764/076/077

२०७६/०७/२४

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
जावलाखेल, ललितपुर ।

**विषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।**

महोदय,
बागमति अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, रामशाहपथ, काठमाण्डौं ठेगाना भएको कृषि बिकास बैंकले लागि जारी गर्न लागेको **"ADBL कृषि बैंक ऋणपत्र, २०८३"** नामको रु.१,०००/– दरको २५,००,००० (पच्चिस लाख) कित्ता ऋणपत्रको निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मन्जुर गर्दछ । सर्वसाधारणहरुलाई ऋणपत्र जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार ऋणपत्र बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको बिवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोबार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र बिवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली, २०५३ बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा उल्लेखित सबै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक तर्फबाट

**एनआईबिएल एस क्यापिटल लिमिटेड**

नाम : मेख बहादुर थापा

पद : नायब प्रमुख कार्यकारी अधिकृत

सही :

कार्यालयको छाप :

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Kathmandu, Nepal

NIBL ACE CAPITAL LIMITED P.O. Box 23224, Lazimpat, Kathmandu

३.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :


# Ghimire S. Associates

*Chartered Accountants*

Firm Certificate No.: 736
**Contact: +977-1-4424263**
Email: ghimiresassociates@gmail.com
Kathmandu, Nepal


To,
The Board of Directors,
Agricultural Development Bank Ltd.
Kathmandu

**Report on the Compilation of Pro Forma Financial Information Included in a Prospectus**

We have completed our assurance engagement to report on the compilation of pro forma financial information of Agrilcultural Development Bank Ltd. (ADBL) by [*the responsible party*]. The pro forma financial information consists of the pro forma net asset statement as at Ashadh End, 2077 to Asadh End 2079, the pro forma income statement for the period ended Shrawan 1st 2076 to Asahd End 2079, the pro forma cash flow statement for the period ended Ashadh end 2077-2079 and related notes.

The pro forma financial information has been compiled by ADBL for the purpose of issuance of debenture named *"10.35% ADBL Krishi Bank Debenture 2083"*, amounting to NRs. 2.50 Billion during the fiscal year 2076/77 at book price using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that may not necessarily occur.

***The Responsible Party's Responsibility for the Pro Forma Financial Information***

*ADBL is responsible to prepare the Pro Forma Financial Information.* ADBL is responsible for compiling the pro forma financial information on the basis of the applicable laws and regulations.

***Practitioner's Responsibilities***

Our responsibility is to express an opinion as required by Securities Registration and Issuance Regulations about whether the pro forma financial information has been compiled, in all material respects, by ADBL on the basis of the applicable criteria.

For purposes of this engagement, we are not responsible for updating or reissuing any reports or opinions on any historical financial information used in compiling the pro forma financial information, nor have we, in the course of this engagement, performed an audit or review of the financial information used in compiling the pro forma financial information.

The purpose of pro forma financial information included in a prospectus is solely to illustrate the impact of a significant event or transaction on unadjusted financial information of the entity as if the event had occurred or the transaction had been undertaken at an earlier date selected for

Ghimire S Associates Chartered Accountants Kathmandu, Nepal

purposes of the illustration. Accordingly, we do not provide any assurance that the actual outcome of the event or transaction have been as presented.

The engagement also involves evaluating the overall presentation of the pro forma financial information. We believe that the evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

***Opinion***

Based on our examination of the evidence supporting the assumptions; nothing has come to our attention, which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion, the accompanying pro forma is presented in conformity with applicable accounting standards, and the underlying assumptions provide a reasonable basis for management's pro forma.

Furthermore, even if even anticipated under the hypothetical assumptions described above occur; actual results are likely to be different from the pro forma as events and circumstances do not occur as expected.

We have no responsibility to update this report for events and circumstances occurring after the date of this report. The accompanying pro forma and this report are intended solely for the information and use of company for the purpose mentioned above.

Ghimire S Associates Chartered Accountants Kathmandu, Nepal

..............................

Suraj Ghimire, CA
Proprietor
Ghimire S. Associates, Chartered Accountants
6th November, 2019
Kathmandu, Nepal